# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक



## हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. १९९१ साल

निधन : वि.सं. २०७४ वैशाख ५ गते

नेकपा (क्रान्तिकारी माओवादी) नेवाः राज्य समिति सल्लाहकार सदस्य क.मच्छेनारायण श्रेष्ठकी ममतामयी आमा **रामप्यारी श्रेष्ठ**को ८३ वर्षको उमेरमा सुमेरु अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा मृतकको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं।

**नेकपा (क्रान्तिकारी माओवादी)**

लतिलपुर जिल्ला समिति



वर्ष १ अङ्क ४२ | २०७४ वैशाख ११ गते सोमबार | Monday, April 24, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


# देजमोको चुनावी प्रतिबद्धता–पत्र तयार

# ‘जनगणतन्त्र स्थापनाका लागि चुनावको क्रान्तिकारी उपयोग’

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले चुनावी प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ । आइतबार बसेको देजमोको कार्यालय बैठकले प्रतिबद्धता पत्रलाई अन्तिम रूप दिएको हो । “स्थानीय तहको निर्वाचन सम्बन्धी घोषणा तथा प्रतिबद्धता-पत्र २०७४” शिर्षकमा सार्वजनिक प्रतिबद्धता पत्रमा राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी मोर्चाका धारणाहरू सार्वजनिक गरिएको छ ।

“स्थानीय चुनावको क्रान्तिकारी उपयोग गरौं !, देजमोका उम्मेदवारलाई अत्यधिक बहुमतले विजयी गराऔं !!” भन्ने मूल नारा तय गरिएको मोर्चाको चुनावी घोषणा पत्रमा विभिन्न ४ वटा मूल उपशिर्षकमा धारणाहरू समेटिएको छ । नौं पृष्ठ लामो प्रतिबद्धता पत्रमा ‘पृष्ठभूमि, निर्वाचनको क्रान्तिकारी उपयोग र प्रतिक्रियावादी तत्वहरूको भण्डाफोर, देश र जनताका हित तथा पक्षमा देजमोका नीति र कार्यक्रम, महत्वपूर्ण राजनीतिक विषय’लगायत उपशीर्षकमा विभिन्न विषयहरूलाई समेटिएको छ ।

पृष्ठभूमिमा पृथ्वी नारायण शाहको कथित एकीकरणको चर्चादेखि वर्तमानको संघीयतासम्मको संक्षिप्तमा चर्चा गरिएको छ भने वर्तमान संविधानको जनविरोधी चरित्रलाई यहाँ उजागर गर्न खोजिएको छ ।

निर्वाचनको क्रान्तिकारी उपयोग र प्रतिक्रियावादी तत्वहरूको भण्डाफेर शीर्षकमा चुनावको क्रान्तिकारी उपयोग सम्बन्धी सैद्धान्तिक तथा राजनीतिक सन्दर्भहरूको चर्चा गर्दै प्रतिक्रियावादीहरूले गरेका जनघात तथा राष्ट्रघातका श्रृङ्खलाहरूको चर्चा गरिएको छ । खासगरी नेपालका दलाल शासकहरूले विभिन्न कालखण्डमा गरिएका असमान सन्धि सम्झौता र त्यसले नेपालको सार्वभौमिकतामाथि पारेको नकारात्मक प्रभावलाई यसमा चर्चा गरिएको छ ।

त्यसैगरी देश र जनताका हित तथा पक्षमा देजमोका नीति र कार्यक्रम शीर्षकमा आधारभूत नीतिगत कार्यक्रम अन्तर्गत १२ बुँदामा नीतिगत विषयहरू समेटिएको छ भने राष्ट्रियता र राष्ट्रहित सम्बन्धी कार्यक्रम अन्तर्गत पनि १२ बुँदामा विषयहरू ... बाँकी ७ पेजमा



घोषणापत्रको पूर्णपाठ पृष्ठ ३ मा

## चुनाव दुई चरणमा

काठमाडौं । मोर्चासहितको संघीय गठबन्धन सरकारसँग दुई चरणमा चुनाव गर्न सहमत भएको छ । बैशाख ३१ गतेको लागि घोषित स्थानीय निकायको चुनाव दुई चरणमा गरिने, पहिलो चरणमा ३, ४ र ६ नम्बर प्रदेशमा निर्वाचन गर्ने, बाँकी प्रदेशमा जेठ ३१ गते दोस्रो चरणको निर्वाचन गर्ने, सरकारले मोर्चासँग शनिबार भएको सहमति अनुसार परिमार्जनसहित संविधान संशोधन विधेयक तीव्र मार्गबाट पास गराउने । आइतबार बस्ने मन्त्रिपरिषदको बैठकले यसबारे निर्णय लिदै संसदमा दर्ता गर्ने ।, तराईका केही जिल्लामा स्थानीय निकायको संख्या थपिने । निर्वाचन आयोगसँग त्यसबारे परामर्श गरिने ।, स्थानीय निकायको संख्या स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदनअनुसार हुने ।, प्रदेश सिमांकनको बिषय संघीय आयोगको प्रतिवेदनअनुसार हुने, भाषा आयोगको प्रतिवेदनअनुसार संविधानको अनुसुचीमा राष्ट्रिय भाषा थपिने, मोर्चाले घोषित आन्दोलनका कार्यक्रम स्थगित गर्ने लगायतका सहमति सरकार र मोर्चाबीचमा भएको छ । सहमति अनुसार मोर्चाले आन्दोलनका घोषित कार्यक्रम फिर्ता लिइसकेको छ ।

आमहड्तालसहितको चुनाव विथोल्ने कार्यक्रमसहित आन्दोलनको घोषणा गरेको मोर्चा भारतीय दवावमा स्थानीय तहको निर्वाचनमा जान सहमत भएको जनाइए पनि दुई चरणमा चुनाव गराउँदा मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि प्रश्न चिन्ह उब्जिन सक्ने विश्लेषण हुन थालेको छ ।

# अक्टोबर क्रान्तिको शतवार्षिकीमा नेपाली क्रान्तिको चर्चा



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) र नेकपाले शनिबार काठमाडौंमा संयुक्त रूपमा महान अक्टोबर समाजवादी क्रान्तिको शतबार्षिकीको अवसर पारेर एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरे ।

पूर्व घोषित कार्यक्रम अनुसार “महान अक्टोबर क्रान्तिको शतबार्षिकीको अवसरमा अन्तर्क्रिया कार्यक्रम” को आयोजना गरिएको कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘किरण’, नेकपा (मसाल)का महामन्त्री मोहन विक्रम सिंह, नेकपाका महासचिव नेत्रविक्रम चन्दले महान अक्टोबर क्रान्तिको शतबार्षिकीको विषयमा नेपाली क्रान्तिको सन्दर्भ जोडेर छुट्टा छुट्टै कार्यपत्र पेश गरेका थिए ।

“महान अक्टोबर क्रान्तिको विश्वव्यापी ऐतिहासिक महत्व” शीर्षकमा प्रस्तुत क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य‘किरण’ले प्रस्तुत गरेको कार्यपत्रमा भनिएको छ, “यो वेला हामी विगतका समाजवादी तथा जनवादी क्रान्ति र कम्युनिस्ट आन्दोलनको ... बाँकी ७ पेजमा

# ६८ दलको रिले अनसन सम्पन्न

## आन्दोलनका थप कार्यक्रमको गृहकार्य गर्दै

काठमाडौं । दलीय चुनाव चिन्हका लागि आन्दोलनरत ६८ दलको तेस्रो चरणको ७ दिने रिले अनसन कार्यक्रम शुक्रबार सम्पन्न भएको छ । ६८ दलको प्रमुख घटक दल देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सिपी गजुरेलले अनसनरत नेता कार्यकर्ताहरूलाई जुस खुवाएर बैशाख २ गतेबाट जारी अनसनको समापन गरेका हुन् ।

देजमोका कार्यालय सदस्य नगेन्द्र राईले संचालन गरेको अनसन समापन कार्यक्रममा बोल्दै अध्यक्ष सिपी गजुरेलले तीन दलीय तीन दलीय अधिनायकवादको कडा शब्दमा विरोध जनाए । ६८ दलकै प्रतिनिधिहरूले सम्बोधन गरेको उक्त कार्यक्रममा बोल्दै नयाँ शक्तिका परशुराम तामाङले गठबन्धनको आन्दोलनका थप कार्यक्रमका लागि गृहकार्य गरिरहेको जानकारी दिए ।

कार्यक्रमका प्रमुख बक्ताको रूपमा रहेका अध्यक्ष गजुरेलले आन्दोलनमा सरिक ६८ दलका नेताका कार्यकर्ता, सामना साँस्कृतिक परिवार तथा अन्य कलाकारहरूलगायत आन्दोलनलाई प्रत्यक्ष परोक्ष रूपमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गरे भने आन्दोलनका घाइतेहरूलाई सम्मान गरे ।

केही दिनको गृहकार्यपछि पत्रकार सम्मेलन गरेर आन्दोलनका कार्यक्रम सार्वजनिक गरिने आन्दोलनरत नेताहरूले बताएका छन् । प्रचण्ड सरकारको अलोकतान्त्रिक र अधिनायकवादी चरित्रका विरुद्ध निरन्तर लड्ने प्रतिबद्धता ६८ दलका नेताहरूले जाहेर गर्दै आएका छन् ।

# संगठन विस्तारसँगै उम्मेदवार छनौट गर्दै देजमो

काठमाडौं । चुनावको क्रान्तिकारी उपयोग गर्ने निर्णय गरेर संगठन विस्तारसँगै चुनावको तयारीमा होमिएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रघाती र जनघाती तत्वहरूको भण्डाफोर गर्दै चुनावको सघन तयारी गरिरहेको छ । मोर्चाको केन्द्रीय कार्यालयबाट प्राप्त जानकारी अनुसार चितवन, ललितपुर, तनहुँ र कास्कीबाट उम्मेदवारहरू प्रस्ताव गरिएका छन् ।

प्राप्त जानकारी अनुसार ललितपुर महानगरपालिकामा विजय खड्गी र गोदावारी नगरपालिकामा श्याम केसीलाई मेयरको उम्मेदवारको रूपमा मोर्चाले अगाडि सारेको छ भने कास्कीको पोखरा लेखनाथ महानगरपालिकामा नेता भीम श्रीस मगरलाई मेयर पदमा मोर्चाले अगाडि सरेको छ भने उपमेयरको लागि देवी थापालाई प्रस्ताव गरेको छ । महानगरका ३३ वडामध्ये १ मा निल प्रसाद श्रेष्ठ, ५ मा कृष्ण कुमारी घिमिरे, ८ मा राम प्रसाद पाण्डे/अर्जुन गुरुङ, ९ मा लक्ष्मी अधिकारी, १० मा बिष्णु राणा, १४ मा देवि थापा, सदस्यहरूमा विनिता तामाङ, सविना परियार, महेन्द्र हमाल, कर्ण ब. पुन, १५ मा अध्यक्ष-उर्मिला श्रीस, सदस्यहरूमा इन्द्र ब. गुरुङ, सिता परियार, धनमाया थापा, २५ मा राम ब. पुन, २६ नं. मा तिलक प्रसाद बराल अध्यक्ष, सदस्यहरूमा श्रीधन राई, बिष्णु सुनार, मन्जु वि.क., २८ मा मिन बहादुर भुजेल अध्यक्ष, २९ मा नर ब. राणा अध्यक्ष, ३० मा दुर्गादत्त अधिकारी अध्यक्ष, खिमराज अधिकारी सदस्यलाई उम्मेदवारको रूपमा अगाडि सारिएको छ भने जिल्लाका गाँउपालिकाहरूमा अन्नपूर्ण गाउँपालिका अध्यक्षमा राम ब. पुन, ... बाँकी ७ पेजमा

# स्थानीय तहको निर्वाचन र ‘उत्कृष्ट’ संविधानको प्रतिगामी यात्रा

विक्रम संवत १८२५ को इन्द्रजात्राका दिन काठमाडौं उपत्यकामा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले आक्रमण गरेर काठमाडौं सहरलाई कब्जा गरी आफ्नो राजधानी घोषणा गरेको प्रक्रियालाई वर्तमान नेपालको ‘एकीकरण’ भएको मान्दा नेपाली राज्य व्यवस्थाको उमेर २४९ वर्ष वा अढाई शताब्दी पुग्दैछ । उक्त ऐतिहासिक कालखण्डको लामो अवधिसम्म नेपाली राज्य व्यवस्था राजा, रजौटाहरूको हुकुम र हलडमा नै चलिरह्यो । राणाहरूको १०४ वर्ष लमो जहानियाँ शासनकालको अन्त्यतिर आएर तत्कालीन राणा प्रधानमन्त्री मोहन शम्शेरको पालामा “नेपालको वैधानिक कानुन-२००४” आएको थियो ।

त्यसपछि वि.सं. २००७ मा राणा शासनको अन्त्य भएपछि पुनः

> **कथित उत्कृष्ट संविधानका निर्माता र पक्षपातीहरूले उनीहरूले नै उल्लेख गरेका संवैधानिक व्यवस्था र प्रावधानहरूको अति सुन्दर ढंगले धज्जी उडाएका छन् । अहिले हाम्रो पार्टी लगायतका राजनीतिक दलहरूले संविधानका ती प्रावधानहरूमा व्यवस्था भए अनुसार पार्टी दर्ता र चुनाव चिन्ह प्रदान गर्नका लागि संघर्ष र आन्दोलनमा उत्रनु परेको छ ।**



● परि थापा

राजतन्त्रात्मक शासन व्यवस्था सुरु भयो र राजतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत क्रमशः २००७, २०१५, २०१९ र २०४७ गरेर चारवटा संविधानहरू ल्याइएको थियो । त्यसैगरी विगतमा भएको शान्तिसम्झौता पछि “नेपालको अन्तरिम संविधान-२०६३” बनेको थियो भने वर्तमान सम्ममा कतिथ दोस्रो संविधानसभाद्वारा जारी गरिएको नेपालको संविधान-२०७२” हाम्रा अगाडि छ । यसरी सात दशकको समयावधिमा नेपाली राज्य र जनताले सातवटा संविधानहरू बेहोरीसकेका छन् ।

माथि नेपालको संवैधानिक यात्राको संक्षिप्त चर्चा गरिएको छ र तीनको सालाखाला टिकाउ अवधि करिब एक दशकको मात्र रहेको छ । सबैभन्दा पछिल्लो र कथित उत्कृष्ट भनिएको “नेपालको संविधान-२०७२” जारी भएको एक वर्ष मात्र पूरा भएको छ र अहिले त्यसका निर्माण तथा जारीकर्ताहरू जोडतोडका साथ कार्यान्वयन गर्ने कार्यमा जुटरहेको बताइरहेका छन् । तर उनीहरूको समग्र गतिविधले त्यसको कार्यान्वयनको यात्रा पूर्णरूपले प्रतिगामी रहेको छ भन्ने प्रष्ट पारेको छ । यस प्रकारको क्रियाकलापले संसदवादी दलहरूको आलोपालो सत्ताभोग गर्ने सत्तालोलुपताको भद्दा खेलले काम गरेको छ ।

कथित उत्कृष्ट भनिएको संविधानले बेनामी भए पनि संघीयताको खाका प्रस्तुत गरेको छ । र केन्द्र, प्रदेश एवम् ... बाँकी ७ पेजमा

## सम्पादकीय

# कम्युनिष्ट क्रान्तिकारीहरूबीच एकताको चर्चा

अक्टोबर क्रान्तिको शतबार्षिकीको अवसर पारेर काठमाडौंमा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) र नेकपाका शीर्ष नेतृत्वले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीच एकता आवश्यक रहेको कुरामा जोड दिए। क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण', मसालका महामन्त्री मोहन विक्रम सिंह र नेकपाका महासचिव नेत्रविक्रम चन्द'विप्लव'ले क्रान्तिका लागि आत्मगत अवस्थालाई मजबुत पार्न सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीच एकताको आवश्यकता रहेको स्वीकार गरे। अक्टोबर क्रान्तिको ऐतिहासिक अवसरमा नेताहरूले जोड दिएको कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकता तत्काल सम्भावना भने देखिदैन।

उल्लेखित तीन पार्टीका रणनीतिक उद्देश्यमा समानता भएपनि कार्यदिशा र कार्यनीतिमा भिन्नता छन्। "मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्दै नयाँ ढंगको कम्युनिस्ट पार्टी निर्माण गर्नु, सर्वहारा वर्ग तथा उत्पीडित जनसमुदायलाई एकताबद्ध तुल्याउनु, नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि आवश्यक तयारीमा लाग्नु र नयाँ कम्युनिस्ट अन्तर्राष्ट्रिय पुनः संगठित गर्नका लागि जोडदिनु- यी नै आज हामीलाई इतिहासले सुम्पेका विशिष्ट कार्यभार तथा दायित्व हुन्। यस प्रकारका ऐतिहासिक कार्यभार तथा दायित्व निर्वाह गर्नका लागि हाम्रो पार्टी दृढ प्रतिबद्धता जाहेर गर्दछ।" क्रान्तिकारी माओवादीका अध्यक्ष बैद्यद्वारा प्रस्तुत कार्यपत्रमा भनिएको छ।

मसालका महामन्त्रीले कार्यपत्रमा लेखेका छन्, "रणनीतिक रूपमा सशस्त्र सङ्घर्ष अनिवार्य भए पनि कार्यनीतिक रूपमा शान्तिपूर्ण आन्दोलनलाई पनि स्वीकार गर्नुपर्ने आवश्यकता हुन्छ। दुश्मन शक्तिहरूसित सङ्घर्ष नै प्रधान पक्ष हुन्छ। तर कतिपय अवस्थामा दुश्मन शक्तिहरूसित पनि कार्यगत एकता गर्नुपर्ने आवश्यकता हुन्छ। रणनीतिक रूपमा हामीले समाजवाद वा नयाँ जनवादी क्रान्तिमा जोड दिए पनि कतिपय अवस्थामा ती भन्दा तल्लो स्तरका पूँजीवादी प्रकारका कार्यक्रम वा सुधार कार्यक्रमहरूलाई पनि अपाउने गर्दछौँ। वामपन्थीहरूको बीचमा कायम भएको त्यो कायैगत एकतालाई हामीले अरू उच्च स्तरमा अगाडि बढाउन प्रयत्न गर्नुपर्ने आवश्यकता छ।"

नेकपाका महासचिव विप्लवले "हामी कम्युनिष्टहरू सम्भव भएसम्म धुवीकृत र एकताबद्ध हुने त्यो नहुने स्थितिमा पनि क्रान्तिका पक्षमा संयुक्त मोर्चा र कार्यगत एकता गर्न पहल गर्नुपर्छ। ...देशलाई शान्ति, स्थिरता, स्वाधीनता र सम्वृद्धि केवल नयाँ जनवाद र वैज्ञानिक समाजवादले मात्र दिनसक्छ।" कार्यपत्रमा उल्लेख गरेका छन्।

तीनवटै नेताहरूले प्रस्तुत गरेको कार्यपत्रका उल्लेखित अंशलाई मात्र हेर्ने हो भने सच्चा क्रान्तिकारीहरूबीचको एकतालाई जोड दिएको भएपनि पार्टीको पथप्रदर्शक सिद्धान्त, कार्यदिशा, कार्यक्रममा एकरूपता नभएका कारण तत्काल एकता हुने कुनै सम्भवाना देखिन्न।

क्रान्तिकारी माओवादीले मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथ पदथप्रदर्शक सिद्धान्त मानेको छ भने मसालले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा मानेको देखिन्छ। यता मार्क्सवाद-लेनिनवाद-माओवाद मानेपनि यो पुरानो र अप्रसांगिक भएको टिप्पणी गर्दै आएको छ।

कार्यदिशाको सम्बन्धमा क्रान्तिकारी माओवादीले "नयाँ जनवादी क्रान्ति" भनेको छ भने मसालको स्पष्ट नीति देखिएको छैन। नेकपाले वैज्ञानिक समाजवाद भनेको छ। पथप्रदर्शक सिद्धान्त र कार्यदिशा नै एउटै नभएको सन्दर्भमा यी तीनबीच एकताको तत्काल सम्भावना छैन। तर तत्कालीन कार्यनीतिक मुद्दामा भने सहकार्य वा कार्यगत एकता हुनु र गर्नु दुवै स्वभाविक र आवश्यक पनि छ।

तथापि, प्रतिक्रियावादी शक्तिबीचहरूको ध्रुवीकरण र क्रान्तिकारीहरूका विरुद्धको बढ्दो घेराबन्दी र आक्रमणका कारण क्रान्तिकारीहरू बीच एकता बाध्यात्मक बन्दै गएको छ। त्यसका निम्ति क्रान्तिकारी माओवादीले इमान्दार प्रयास गर्दै आएको छ। र, यही प्रयासका कारण कतिपय कम्युनिष्ट घटकसँग क्रान्तिकारी माओवादीले एकता गर्दै पनि आएको छ। फेरि पनि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको एकतामा जोड दिनु अहिलेको वस्तुगत आवश्यकता पनि हो।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# महान् अक्टोबर क्रान्तिको विश्वव्यापी ऐतिहासिक महत्व

*(२०७४ वैशाख ९ गते लेनिन जयन्तीको उपलक्ष्यमा आयोजित संयुक्त अन्तरक्रिया कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष क.मोहन वैद्य 'किरण'द्वारा प्रस्तुत अवधारणा-पत्र)*

१. रुसमा सर्वहारा वर्गको नेतृत्वमा पुरानो क्यालेन्डर अनुसार १९१७ को २५ अक्टोबर र नयाँ क्यालेन्डर अनुसार ७ नवेम्बरमा समाजवादी क्रान्ति सम्पन्न भयो। सवै खाले सामन्ती अवशेषसहित पुँजीपतिवर्गका विरुद्ध परिलक्षित यो क्रान्ति विश्वक्रान्तिको इतिहासमा एक नयाँ युगको सूत्रपात थियो। यो वर्ष संसारभर महान् अक्टोबर क्रान्तिको शतवार्षिकी विभिन्न कार्यक्रमका साथ मनाउने काम भइरहेको छ।

२. अक्टोबर क्रान्ति मार्क्सवादको सफल प्रयोग थियो। मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, सर्वहारा वर्गको राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका रूपमा मार्क्सवादको सैद्धान्तिक प्रतिपादन गर्नुभएको थियो। लेनिनले रुसी धर्तीमा सफलतापूर्वक मार्क्सवादको प्रयोग गर्नुभयो र यस क्रममा मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादका रूपमा विकसित समेत तुल्याउनु भयो।

३. सोभियत रुसमा सम्पन्न महान् अक्टोबर क्रान्तिको सफलताले सिङ्गो विश्वलाई प्रभावित तुल्यायो। यस ऐतिहासिक घटनाबाट प्रभावित भई एकातिर विश्वका बाँकी विभिन्न देशहरूमा कम्युनिस्ट पार्टी निर्माणको प्रक्रिया तिव्र गतिमा अगाडि बढ्यो भने अर्कोतिर सर्वहारा वर्गको नेतृत्वमा जनवादी तथा समाजवादी क्रान्तिको तयारीको प्रक्रिया पनि सशक्त ढङ्गले विकसित हुँदै गयो। यसै क्रममा हाम्रा दुई छिमेकी मुलुक चीन र भारतमा पनि कम्युनिस्ट पार्टीको स्थापना भयो। चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भए पश्चात् नेपालमा पनि आजकै दिन अर्थात् २००६ साल वैसाखमा लेनिनको जन्मदिन २२ अप्रिलमा कम्युनिस्ट पार्टीको स्थापना हुन पुग्यो।

४. रुसमा १९१७ फरबरीमा पुँजीवादी क्रान्ति सम्पन्नभयो। बोल्सेविक पार्टी अस्थायी सरकारमा सामेल भएन। लेनिनले प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र सरकारको दृढतापूर्वक विरोध तथा भण्डाफोर गर्दै समाजवादी क्रान्तिको तयारीमा विशेष जोड दिनुभयो। अन्ततः वहाँले "सारा सत्ता सोभियतहरूको हातमा" भन्ने नारा दिनु भयो। सशस्त्र दस्ता र सेनाका क्रान्तिकारी सिपाहीहरूलाई संगठित तुल्याउँदै सशस्त्र जनविद्रोह मार्फत् महान् अक्टोबर क्रान्ति सम्पन्न गर्नुभयो। यस क्रान्तिले बुर्जुवा जनवादमाथि धावाबोल्दै तथा त्यससित सम्बन्ध विच्छेदगर्दै सर्वहारा जनवाद अर्थात् सर्वहारावर्गको अधिनायकत्वलाई जन्मदिई विश्व इतिहासमा नयाँ युगको उद्घाटन गऱ्यो।

५. रुसमा समाजवादी क्रान्ति सम्पन्न हुनुका पछाडि लामो आत्मगत तयारीको महत्वपूर्ण भूमिका रहेको छ। लेनिनले एकातिर क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त र अर्कोतिर क्रान्तिकारी पार्टी अनिवार्य रूपमा आवश्यक हुने कुरा वताउनु भएको थियो। यस निम्ति वहाँले मार्क्सवादको रक्षा, प्रयोग तथा विकासका साथमा संशोधनवादको विरोध तथा भण्डाफोर गर्नुभयो। यस सन्दर्भमा वहाँले एकातिर दोस्रो अन्तराष्ट्रियका संशोधनवादीहरूसित सम्बध विच्छेद गरी नयाँ ढङ्गको कम्युनिस्ट पार्टीको निर्माण गर्नु भयो भने अर्कोतिर पार्टीभित्र विद्यमान दक्षिणपंथी, मध्यपंथी तथा उग्रवामपंथी प्रवृत्तिका विरुद्ध कडा विचारधारात्मक संघर्ष पनि चलाउनु भयो।

६. महान् अक्टोबर क्रान्तिका लागि पहिलो सामाज्यवादी विश्वयुद्धका बिचवाट वस्तुगत आधार तयार बन्दै गएको थियो। लेनिनले एकातिर संकटग्रस्त साम्राज्यवादको सही विश्लेषण गर्नु भयो भने अर्कोतिर परस्पर युद्धरत साम्राज्यवादीहरूका विचको अन्तरविरोधलाई सही ढंगले संश्लेषण गर्दै साम्राज्यवादी युद्धलाई गृहयुद्धमा बदल्ने नीति अवलम्वन गर्नुभयो। यसरी संकटग्रस्त साम्राज्यवाद तथा सर्वहारा क्रान्तिका विशेषतालाई सही ढंगले आत्मसात गरियो र क्रान्तिको सही कार्यदिशा, रणनीति एवम् कार्यनीति निर्धारण गरी कार्यान्वयन तथा प्रयोगमा जाने काम भयो।



मोहन वैद्य 'किरण'

७. रुसमा पुँजीवादी जनवादी र समाजवादी क्रान्ति एक अर्काका कडीका रूपमा विकसित तथा सम्पन्न भए। रुसमा सम्पन्न पुँजीवादी जनवादी क्रान्तिका मूल कार्यभार राजतन्त्र, सामन्ती वर्गभेद, सामन्ती भूस्वामित्व, महिला, जातीय एवम् धार्मिक उत्पीडन सहितका मध्ययुगीन अवशेषहरूको अन्त्यगरी जनताको जनवादी राज्यसत्ता स्थापनागर्नु थियो। अक्टोबर क्रान्तिले फरवरी क्रान्तिमा पुरा हुन नसकेका ती कार्यभारलाई पूर्णता प्रदान गर्नुका साथै सम्पूर्ण जमिनको राष्ट्रियकरण, पूँजीपति वर्गको संपत्ति कब्जा, कलकारखाना, रेलवे एवम् ब्याङ्कहरूलाई सम्पूर्ण जनता तथा सार्वजनिक सम्पत्तिमा परिणत गऱ्यो र पूँजीपतिवर्गको राज्यसत्तालाई ध्वस्तपारी मजदुरवर्ग, गरीव किसान सहितको समाजवादी राज्यसत्ताको निर्माण गऱ्यो र समाजवाद निर्माणको प्रक्रियालाई अगाडि वढायो।

८. लेनिनको निधन पश्चात् स्तालिनको नेतृत्वमा समाजवाद निर्माणको प्रक्रिया विकसित हुँदैगयो। आन्तरिक र बाह्य दुवै प्रकारका खतरासित जुध्दै कतिपय कमी, कमजोरी र सीमासहित स्तालिनले एकातिर रुसमा समाजवादको निर्माण र अर्कोतिर अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। यसै क्रममा दोस्रो विश्वयुद्धमा फासिवादका विरुद्धको लडाइँमा शानदार विजय हासिलगर्दै समाजवादको रक्षा समेत गर्नु भयो। यसै सिलसिलामा चीन, भियतनाम, कोरिया तथा पूर्वी योरोप सहितका देशहरू पुँजीवादी क्रान्ति सम्पन्न गर्दै समाजवादतर्फ अघिबढे।

९. स्तालिनको निधन पश्चात् सोभियत रुसमा आधुनिक संशोधनवाद विजयी बन्यो र समाजवादी रुस सामाजिक साम्राज्यवादमा बदलियो। माओले एकातिर आधुनिक संशोधनवादका विरुद्ध विचारधारात्मक संघर्ष चलाउँदै अन्तराष्ट्रिय कम्युनिस्ट अन्दोलनलाई दिशाबोध गर्नुभयो भने अर्कोतिर चीनमा महान् सर्वहारा सास्कृतिक क्रान्तिका बिचवाट समाजवाद निर्माणको प्रक्रियालाई अगाडि बढाउनु भयो।

१०. गम्भीर दुःखको कुरा, अनेकौं वस्तुगत तथा आत्मगत जटिलता, साम्राज्यवाद तथा दक्षिणपंथी संशोधनवादद्वारा चौतर्फी हमला र क्रान्तिकारी कम्युनिस्टहरूद्वारा तिनको सामना गर्न नसक्नुको कारण समाजवादले गंभीर धक्का र पराजय भोग्नु पऱ्यो। क्रान्तिका विरुद्ध प्रतिक्रान्ति विजयी बन्यो। नाम मात्रको भए पनि सोभियत रुस समेत ढल्यो। विश्वमा साम्राज्यवादी र प्रतिक्रियावादीहरूले इतिहास तथा साम्यवादको अन्त्य र पुँजीवाद विजयी बनेको दुन्दुभी बजाए।

११. यद्यपि आज विश्वमा नवउपनिवेशवाद तथा नवउदारवादका साथमा भूमण्डलीकृत साम्राज्यवादको हैकम तथा उत्पीडन प्रभावी रहेको छ र अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलन पनि कमजोर अवस्थामा छ। आज विश्व र नेपाली कम्युनिस्ट आन्दोलनमा पनि क्रान्तिका लागि दक्षिणपन्थी संशोधनवाद प्रमुख खतरा रहेको छ। परन्तु, यो अस्थायी र क्षणिक कुरा हो। अहिले साम्राज्यवाद एकातिर गंभीर आर्थिक, राजनीतिक तथा सांस्कृतिक संकटमा फँस्तै तथा दुई वा बहुध्रुवीय अन्तर्विरोधहरूमा जेलिदै गएको छ भने अर्कोतिर विश्वमा राष्ट्रिय मुक्ति, जनवादी तथा समाजवादी आन्दोलन पनि आफ्नो गतिमा विकसित हुँदै गएका छन्। नयाँ अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनको निर्माणको दिशामा पनि विभिन्न रूपमा आवश्यक पहल भइरहेका छन्। आज विश्वमा क्रान्ति र कम्युनिस्ट आन्दोलन बक्रगतिमा विकसित हुँदै गइरहेको छ। अहिले जेजति जटिल समस्या देखिए पनि अन्ततः संकटग्रस्त साम्राज्यवादको विकल्प वैज्ञानिक समाजवाद नै हो र त्यसको भविष्य समुज्ज्वल छ। इतिहासको द्वन्द्ववादले यही कुरा बताउँछ। नेपालका सन्दर्भमा पनि यही नै सत्य हो।

१२. कम्युनिस्ट पार्टीको स्थापना भएयता विभिन्न आन्दोलनहरूका बिचवाट जनतामा साम्यवादको प्रभाव सशक्त रूपमा पर्दै आएको छ। देशमा विभिन्न जन आन्दोलन तथा दशवर्षको जनयुद्धको प्रक्रियामा जनताका छोराछोरीले ठुलो मात्रामा सहादत प्राप्त गरेका छन्। परन्तु, दक्षिणपंथी संशोधनवादको प्रभाव, विभाजन तथा क्रान्तिकारीहरूका कमी एवम् सिमाका कारण आन्दोलनमा गुणत्मक उपलब्धि हासिल गर्न सकिएको छैन। फलतः जनताको जनवादी राज्यसत्ताको स्थापना हुन सकेन। आज विश्वका साथै नेपालमा पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गए पनि आत्मगत स्थिति भने कमजोर नै रहेको छ।

१३. आज हामी पार्टी स्थापना दिवसको ऐतिहासिक अवसरमा महान् अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी विभिन्न कार्यक्रमका साथमा मनाउँदै अघि बढिरहेका छौं। यो वेला हामी विगतका समाजवादी तथा जनवादी क्रान्ति र कम्युनिस्ट आन्दोलनको इतिहासका सबल तथा दुर्बल पक्षको गंभीर समीक्षागर्दै तथा विगतका अनुभवहरूवाट आवश्यक शिक्षालिँदै आफ्नो ऐतिहासिक दायित्व निर्वाहगर्ने दिशातर्फ दृढतापूर्वक अगाडि बढ्न जरुरी छ।

१४. मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्दै नयाँ ढंगको कम्युनिस्ट पार्टी निर्माण गर्नु, सर्वहारा वर्ग तथा उत्पीडित जनसमुदायलाई एकताबद्ध तुल्याउनु, नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि आवश्यक तयारीमा लाग्नु र नयाँ कम्युनिस्ट अन्तराष्ट्रिय पुनः संगठित गर्नका लागि जोडदिनु- यी नै आज हामीलाई इतिहासले सुम्पेका विशिष्ट कार्यभार तथा दायित्व हुन्। यस प्रकारका ऐतिहासिक कार्यभार तथा दायित्व निर्वाह गर्नका लागि हाम्रो पार्टी दृढ प्रतिबद्धता जाहेर गर्दछ। ठिक यहींनेर नै महान् अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम आयोजना तथा सम्पन्न गर्नुको औचित्य वा सार्थकता सन्निहित छ। महान् अक्टोबर क्रान्तिको रातो झण्डा अपराजेय छ। आउनुहोस्, दृढतापूर्वक अगाडि वढौ ! महान् अक्टोबर क्रान्ति - जिन्दावाद ! दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद र संशोधनवाद - मुर्दावाद ! सर्वहारा अन्तर्राष्ट्रियतावाद - जिन्दावाद !

## झर्रोटर्रो

कैलुब्राह

# पञ्चम राजतन्त्र

नेपाल मण्डलका रैती मनुवाहरूले राजतन्त्र हटाउन धेरै पटक लडाइँ लडे। लडे लडे आखिरमा हारे। सिसिफसको कथा जस्तो भयो, रैतिको लडाइँ। राणा हटाउन लडे, शाहले जित्यो। शाह हटाउन लडे, कोइरालाले जित्यो। रैतीका हातमा हार मात्रै पऱ्यो। अब त राजतन्त्रसँगै ठोकतन्त्रका सबैलाई परलोकतन्त्रमा पुऱ्याएरसाँच्चैकोरैतीतन्त्र अर्थात् जनगणतन्त्र ल्याउनु पर्छ भन्दै दिब्य बाह्र बर्स लडे। फेरि पनि रैतिले हारे। झन् नयाँ खालको राजतन्त्र उदायो। पञ्चम राजतन्त्र। यसलाई लोकतान्त्रिक गणतन्त्र पनि भन्ने चलन छ, आधुनिक भाषामा। पाँच जना राजा भएको व्यवस्थालाई पञ्चम राजतन्त्र भनिन्छ। यो कुरा कैलुब्राहले प्रतिपादन गरेको दर्शनकोषमा वर्णित छ। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधिश यी पाँच तत्वले मिलेर बनेको हुनाले पञ्चम राजतन्त्र भनिएको हो। यी पाँच तत्वले राष्ट्रको दोहन आजिवन गर्न पाउने भएकाले यिनीहरूलाई पनि राजा भन्नु मनासिव ठानिएको हो।

पञ्चम राजतन्त्रको अर्को व्याख्या पनि छ। चारतारे दल, सूर्यछाप दल, गोलघेरे दल, गाईछाप दल र नमस्कारे दल गरी पाँच दलका पाँच जना लाउकेहरूको शासन सत्ता भएकाले पनि पञ्चम राजतन्त्र भनिएको हो। यो पञ्चम राजतन्त्रको संविधान यिनै पाँच दलले बनाएको हुनाले यस अनुसारको हकभोग गर्ने अग्राधिकार यिनीहरूमा निहीत छ। त्यही भएर यिनीहरूले आफू खुसी कानून बनाएर रैतीमाथि लादिरहेका छन्। माथिका पञ्चतत्वमा कुनै न कुनै रूपमा यी पाँच दलका लाउकेहरू नै पुग्ने भएकाले वंशजको राजतन्त्र र पञ्चम राजतन्त्रमा खासै अन्तर छैन। राजाले आफूलाई भगवानको अवतार भन्थे र रैतीलाई पूजा गर्न, भजन किर्तन गाउन लगाउँथे। देश दौडाहामा जाँदा रैतीहरूले फूलमाला लिएर जयजयकार गर्थे। अहिले यी पाँच दलका लाउकेहरूलाई पनि क्वीण्टलका माला लगाएर पूजा गर्छन्। पहिला वंशजका राजा हुँदाको राजतन्त्र र अहिले गणतन्त्र नामको राष्ट्रपतिमा के कस्तो अन्तर छ भन्ने कुरा तल प्रस्तुत गरिएको छ।

| राजा | राष्ट्रपति |
|---|---|
| राजा संविधान भन्दा माथि हुन्थे। | राष्ट्रपति संविधानको संरक्षक हुन्छ। |
| राजा सहरमा निस्कँदा सडक जाम गरेर सवारी चलाइन्थ्यो। रैतीलाई सास्ती र हैरानी दिइन्थ्यो। | राष्ट्रपति सहरमा निस्कँदा सडक जाम गरेर सवारी चलाइन्छ। रैतीलाई सास्ती र हैरानी दिइन्छ। |
| राजा विदेश जाँदा आउँदा देशभित्र सार्वजनिक विदा दिएर देशै बन्द गराइन्थ्यो। | राष्ट्रपति विदेश जाँदा आउँदा देशभित्र सार्वजनिक विदा दिएर देशै बन्द गराइन्छ। |
| राजाले दशैँमा रैतीहरूलाई टीका लगाएर 'भाग्य' (?) दिन्थे। | राष्ट्रपतिले दशैँमा रैतीहरूलाई टीका लगाएर 'भाग्य' (?) दिन्छन्। |
| राजाले हिन्दूका चाडपर्वहरू र मठमन्दीरहरूमा पूजाआजा गर्थे। | राष्ट्रपतिले हिन्दूका चाडपर्वहरू र मठमन्दीरहरूमा पूजाआजा गर्छन्। |
| राजाले संसदमा बजेट अधिवेशनमा सरकारको नीति कार्यक्रम पढ्थे। | राष्ट्रपतिले संसदमा बजेट अधिवेशनमा सरकारको नीति कार्यक्रम पढ्छन्। |
| राजालाई रैतीले सहजै भेटघाट गर्न पाउँदैनथे, भारदारहरूको सिफारिस लिएर तीन पुस्ते लेखाएर भेट्नुको विवरण खुलाएर मात्र दर्शन गर्न पाइन्थ्यो। | राष्ट्रपतिलाई रैतीले सहजै भेटघाट गर्न पाउँदैनन्, भारदारहरूको सिफारिस लिएर तीन पुस्ते लेखाएर भेट्नुको विवरण खुलाएर मात्र दर्शन गर्न पाइन्छ। |
| राजालाई राजसी भाषा आइस्यो, गइस्यो, सवारी होस् जस्ता अति आदरार्थी भाषा बोल्नु पर्थ्यो। | राष्ट्रपतिलाई पनि राजसी भाषा आइस्यो, गइस्यो, सवारी होस् जस्ता अति आदरार्थी भाषा बोल्ने गरिन्छ। |
| राजपरिवारले सो सरहका खानदानी परिवारमा मात्र विहेवारी चलाउँथे। जस्तो राणा परिवार, भुरेटाकुरे राजपरिवार र हिन्दूस्तानी राजपरिवार आदिबाट लिने दिने गरिन्थ्यो। | राष्ट्रपतिका परिवारले पनि सो सरहका खानदानी परिवारमा मात्र विहेवारी चलाउने प्रचलनको सुरुआत भएको छ। जस्तो हालका राष्ट्रपतिको छोरी पूर्व राष्ट्रपतिका भतिजाले विहे गरे। |
| राजाले राज्यको सम्पत्तीबाट अजिवन सुविधा डकारेर देश हरिकङ्गाल बनाउँथे। | राष्ट्रपतिले राज्यको सम्पत्तीबाट आजीवन सुविधा डकारेर देश हरिकङ्गाल बनाउने कानुन संसदबाट पास भएको छ। |

यसरी जङ्गलतिर लखेटिएका राजा र अहिले विराजमान भएका नयाँ पञ्चम राजखलकका सन्तानले हकभोग गरेको सरसुविधा र यिनले रैतिलाई दिने सास्तीमा कुनै अन्तर नभएकाले यो व्यवस्थालाई पनि राजतन्त्र भन्नु सोह्रै आना मनासिव हो भन्ने ठोकुवा कैलुब्राहले गरेको छ। *७ बैशाख २०७४*

kailubraha73@gmail.com

# यस्तो छ- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको चुनावी प्रतिबद्धता-पत्र

## स्थानीय चुनावको क्रान्तिकारी - उपयोग गरौं !

## देजमोका उम्मेदवारलाई अत्यधिक बहुमतले - विजयी गराऔं ! !

**१. पृष्ठभूमि**

*सम्पूर्ण न्यायप्रेमी तथा परिवर्तनकामी जनसमुदायहरू,*

सर्वप्रथम देश र जनताका हित एवम् पक्षमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनका खातिर विगतमा संचालन भएका सम्पूर्ण जनआन्दोलन, जनयुद्ध र संघर्षका दौरान आफ्नो जीवन बलिदान गरी सहादत प्राप्त गर्ने सम्पूर्ण वीर शहीदहरू प्रति देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

नेपालको राजनीतिक इतिहासको सन्दर्भमा वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले तत्कालिन नेपाल खाल्डो हालको काठमाडौं उपत्यकामा आक्रमण गरी यहाँको राज्यसत्तामा पकड जमाएको समयदेखि अहिलेसम्म आइपुग्दा २४८ वर्षको समयावधि बितिसकेको छ । तर संवैधानिक तवरले राज्यव्यवस्था संचालन गर्न शुरु गरेको इतिहास करीब चार दशकको छोटो इतिहास मात्र रहेको छ । राणा शासनको अन्त्यतिर बनेको नेपालको वैधानिक कानुन (वि.सं. २००४), राजतन्त्र अन्तर्गत बनेका संविधानहरू (वि.सं. २००७, २०१५, २०१९ र २०४७), महान् जनयुद्ध र जनआन्दोलन २०६२/०६३ पश्चात बनेको अन्तरिम संविधान र गणतन्त्र स्थापना भएपछि आएको कथित सर्वोत्कृष्ट संविधान (वि.सं. २०७२) गरी आधा दर्जन संविधान नेपाली जनताले बेहोरेका छन् । अहिले स्थानीय तहको निर्वाचन पछिल्लो संवैधानिक व्यवस्था अन्तर्गत हुन गैरहेको छ ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संविधानलाई पश्चगामी संविधान ठहर गरेको छ र त्यसका सट्टामा संघीय जनगणतान्त्रिक संविधान निर्माण गर्ने नीति लिएको छ । किनभने विगतमा भएका जनयुद्ध, जनआन्दोलन र संघर्षहरूको परिणामस्वरूप प्राप्त भएका मुख्य उपलब्धिहरू भनेका धर्मनिरपेक्षता, समानुपातिक, समावेसी प्रतिनिधित्वको व्यवस्था, गणतन्त्र र राज्यको नयाँ संघीय संरचना निर्माण गर्ने रहेका थिए । ती मुद्दाहरू मध्ये गणतन्त्र बाहेक अन्य सबै विषयहरूलाई एक वा अर्को रूपमा निस्तेज र विकृत तुल्याउने काम भएको छ । उदाहरणका लागि, धर्म निरपेक्षतालाई "सनातन देखि चल्दै आएको धर्म, संस्कृतिको संरक्षण गर्ने" भन्ने जस्ता स्पष्टीकरण दिएर विकृत तुल्याइएको छ भने बेनामी प्रदेश मार्फत संघीयतालाई निस्तेज पार्दै लगिएको छ । त्यसैगरी समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्थालाइै न्युनीकरण गरिएको छ ।

आगामी २०७४ साल बैशाख ३१ गतेका लागि घोषणा गरिएको स्थानीय तहको निर्वाचन घोर अलोकतान्त्रिक स्थानीय तह निर्वाचन कानुन-२०७३ अनुसार हुन गैरहेको छ । उक्त कानुनले राजनीतिक दलहरूलाई चुनाव चिन्ह प्राप्त गर्नबाट बञ्चित गर्ने जस्तो अलोकतान्त्रिक कार्य मात्र गरेको छैन स्वयं उत्कृष्ट भनिएको संविधानको प्रस्ताव र अन्य प्रावधानहरू समेतको विरुद्ध गएको छ । परिणामस्वरूप संविधानको प्रस्तावनामा उल्लेख गरिएको "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली" मौलिक हक र कर्तव्यको "प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्ने स्वतन्त्रता हुनेछ" भन्ने र राजनीतिक दल सम्बन्धी व्यवस्था अन्तरगतको "राजनीतिक दलको गठन, दर्ता र संचालन" सम्बन्धी प्रावधानहरूको विरुद्ध गएर ती विषयहरूलाई हास्यास्पद तुल्याइदिएको छ । त्यसको ज्वलन्त प्रमाण भनेको राजनीतिक पार्टीहरूलाई चुनाव चिन्ह पाउने अधिकारबाटै वन्चित गर्नु हो ।

देश संघीयतामा गैसकेको अवस्थामा सर्वप्रथम संघीय संसदको निर्वाचन गरेर त्यसअघि प्रदेश सभाको निर्वाचन गरी प्रदेश कानुन अन्तर्गत स्थानीय तहको निर्वाचन हुनु पर्दथ्यो । किनभने अहिले स्थानीय तहको निर्वाचन भएतापनि प्रदेश सभाले स्थानीय तह सम्बन्धी कानुन नबनाएसम्म स्थानीय तहहरूले कुनै पनि काम गर्न पाउने छैनन् । संविधानमा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तरगत "संघीय कानुन बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने" भन्ने प्रावधानलाई बेवास्ता र नजर अन्दाज गर्दै स्थानीय तहको निर्वाचन घोषणा गरिएको छ । तथापि स्थानीय तहको निर्वाचन जनताका समस्या र दैनिक सरोकारका विषयहरूसँग जोडिने भएकाले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यस निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको छ ।

**२. निर्वाचनको क्रान्तिकारी उपयोग र प्रतिकृयावादी तत्वहरूको भण्डाफोर :**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संसदीय व्यवस्था अन्तर्गत मञ्चन गरिने निर्वाचनहरूलाई अन्य संसदवादी दलहरूले जस्तो, मिठा नारा र गुलिया बचन मार्फत आम जनताका आँखामा छारो हालेर सत्ताको भऱ्याङ्ग चढ्ने माध्यम बनाउन चाहदैन; बरु संसदवादी दलहरूले देश र जनताका हितका विरुद्ध गर्ने सबै प्रकारका कृयाकलापहरूको विरोध र भण्डाफोर गर्दै निर्वाचनलाई एउटा मञ्चको रूपमा लिएर त्यसको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको छ ।

संसदवादी दलहरूले हरेक तिकडम लगाएर प्रतिकृयावादी व्यवस्थालाई जोगाउने, बलियो बनाउने र कायम राख्ने भरमग्दुर प्रयास गरिरहेका छन् भने आफूलाई क्रान्तिकारी बताउने कथित कम्युनिस्ट समूहहरूले अन्ततः संसदीय व्यवस्थालाई स्वीकार गरेर र त्यसमा सामेल भएर त्यसलाई अझ मजबुत बनाउन भूमिका खेलिरहेका छन् । कार्ल मार्क्सले भने जस्तै "अन्ततः संसदीय गणतन्त्रले क्रान्तिका विरुद्ध आफ्नो संघर्षलाई दमनात्मक उपायहरू, स्रोत साधनहरू एवं सरकारी सत्ताको केन्द्रीकरणका साथ सफल तुल्याउन बाध्य हुन पुग्यो । सबै क्रान्तिले त्यो संयन्त्रलाई ध्वस्त पार्नुको सट्टा पूर्णता प्रदान गऱ्यो ।" आज आएर नेपालको संदर्भमा त्यस्तै भैरहेको छ । नेपाली काँग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) जस्ता संसदवादी तत्वहरूले जोर जुलुमका साथ त्यो काम गरिरहेका छन् ।



त्यसै गरेर प्रतिकृयावादी र संसदवादी दलहरूले विगतदेखि गर्दै आएका राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावाद जस्ता देश र जनविरोधी कुकृत्यहरूलाई कथित क्रान्तिकारी र कम्युनिस्टहरूले समेत हुबहु दोहोऱ्याउँदै आएका छन् । परिणामस्वरूप पुँजीवादी गणतन्त्रको स्थापना भैसकेको अवस्थामा पनि राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र स्वाभिमानमा गम्भीर आँच पुगिरहेको छ । देश र जनताको अवस्था नाजुक ढंगले गुज्रिरहेको छ । विगत देखि वर्तमान सम्म सत्ता सम्हालेका विभिन्न खाले सत्ताधारीहरूले गरेको राष्ट्रघाती सन्धि-सम्झौताहरूको विवरण यसप्रकार रहेका छन् । सुगौली सन्धि (सन् १८१६), नेपाल तथा बेलायत मैत्री सन्धि (सन् १९२३), गोर्खा भर्ती सम्बन्धी त्रिपक्षीय सम्झौता (सन् १९४७), नेपाल भारत शान्ति तथा मैत्री सन्धि (सन् १९५०), गोप्य हातहतियार सम्झौता (सन् १९६५), महाकाली नदीको एकीकृत विकास सम्बन्धि सन्धि (सन् १९९६), अरुण-३ जलविद्युत सम्झौता (सन् २००८), उपल्लो मर्स्याङ्दी-२ जलविद्युत सम्झौता (सन् २००८), माथिल्लो कर्णाली जलविद्युत आयोजना सम्झौता (सन् २००८), दुई पक्षीय लगानी संरक्षण तथा सम्बर्द्धन सम्झौता (द्यक्षएएब, सन् २०११), नेपाल भारत व्यापार सम्झौता (सन् २०११), पारवहन सम्झौता (सन् २०१३), र विद्युत व्यापार सम्झौता (एत्ब, सन् २०१५), नेपाल भारत २५ बुँदे संयक्त विज्ञप्ति (सन् २०१६) साथै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा भारतीय उडान सुरक्षा कर्मी (ब्ष्च :बचकजर्बा) राख्ने काम भएका छन् । उपर्युक्त सन्धिसम्झौताहरू मध्ये सन् १८१६ को सुघौली सन्धि देखि सन् १९६५ को गोप्य हतियार सम्झौता सम्म राजा र राणाका पालामा र त्यसैगरी सन् १९९६ को महाकाली सन्धि देखि हालसम्म नेपाली कांग्रेस, ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र) पालामा सम्पन्न भएका छन् ।

शासक र सत्ताधारीहरूले राष्ट्रघाती जस्तै जनघाती कार्यहरूलाई पनि लगातार अगाडि बढाइरहेका छन् । आम नेपाली जनताले सामान्य औषधोपचारको अवसरबाट समेत बन्चित हुनु परेको छ भने राज्यको विभिन्न तहमा बहाल रहेका र राज्यकोषबाट सेवासुविधा प्राप्त गरिरहेका कथित प्रतिनिधिहरूले राज्यकोषको दोहन गरेर विदेशका महंगा अस्पतालहरूमा गएर उपचार गराउन प्रतिस्पर्धा गरिरहेका छन् । हरेक दिन श्रम गरेर जीवन धान्नु पर्ने मजदूरहरूका सम्बन्धमा "काम नगरे ज्याला नपाउने (ल्य धयचप, ल्य एबथ)" नीति ल्याइएको छ भने सांसदहरूको तलब भत्ता र सुविधा बढाइएको छ । त्यसैगरी राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र प्रधानन्यायधीशहरूलाई पद र सेवाबाट निवृत्त भएपछि पूर्व विशिष्ट पदाधिकारीका नाममा राज्य कोषबाट व्यापक सेवा सुविधा प्रदान गर्ने कानुन नै बनाइँदैछ ।

भ्रष्टाचार संस्थागत रूपमा विकास भएको छ । राज्यका पदाधिकारी, सरकारी कार्यालय र निकायहरूले नै पानी, बिजुली र टेलिफोनको लाखौं रूपैंया बक्यौता तिरेका छैनन् भने सर्वसाधारण जनताहरू त्यसप्रकारका आधार भूत सेवा सुविधाबाट विमुख हुन पुगेका छन् । कमिशनतन्त्र र बिचौलिया प्रवृति भयावह ढंगले फैलिएको छ । त्यसैले नेपाल भ्रष्टाचारी देशको रूपमा दक्षिण एसियामा समेत दर्ज हुन पुगेको छ । यी सबै कार्यहरू नेपाली कांग्रेस, ने.क.पा. (एमाले) र ने.क.पा. (माओवादी केन्द्र) को नेतृत्वमा भएका छन् ।

देश र जनता यस प्रकारको गम्भिर अवस्थाबाट गुज्रिन बाध्य भैरहेको अवस्थामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले स्थानीय तहको निर्वाचनलाई आम नेपाली जनता समक्ष निकट रूपले उपस्थित हुने र जनताका हक हितका पक्षमा ब्यापक रूपमा रचनात्मक ढंगले योजना तथा कार्यक्रम निर्माण गरी अगाडि बढ्ने नीति अख्तियार गर्नेछ । त्यसैगरी संसदवादी र प्रतिकृयावादी तत्वहरूले विगतदेखि वर्तमान सम्म गर्दै आएका राष्ट्रघाती, जनघाती, भ्रष्टाचारी लगायतका कुकृत्यहरूको व्यापक विरोध र भण्डाफोर गरेर आम जनताका बिचमा प्रस्तुत हुनेछ ।

**३) देश र जनताका हित तथा पक्षमा देजमोका नीति र कार्यक्रम :**

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल एउटा प्रगतिशील, अग्रगामी सिद्धान्त र विचारमा आधारित भएर सामाजिक क्रान्ति र परिवर्तनको नेतृत्वदायी भूमिका निभाउने सशक्त जुझारु मोर्चा संगठन भएकोले यसका नीति तथा कार्यक्रमहरू देश र जनताका अवस्था र जीवनमा व्यवहारतः अनुभूत हुन सक्ने ढंगले आमूल परिवर्तनकारी ढंगका हुनेछन् । तदनुरूप देजमोका मुख्य नीतिगत कार्यक्रमहरू यसप्रकार हुनेछन् ।

**क) आधारभूत नीतिगत कार्यक्रम :**

१. संघीय जनगणतन्त्रको स्थापना गरिनेछ ।

२. देशको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षा गरिनेछ ।

३. सामन्ती भूस्वामित्वको अन्त्य तथा बैज्ञानिक र क्रान्तिकारी भूमिसुधारको व्यवस्था गरिनेछ ।

४. आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति सहित जातीय, क्षेत्रीय स्वायत्तता तथा उत्पीडित जातीय पहिचान सहितको संघीयता लागु गरिनेछ ।

५. महिला, दलित तथा मुस्लिम समुदाय र अपाङ्गहरूका लागि सबै खाले उत्पीडन तथा भेदभावको अन्त्य, स्वतन्त्रता र विशेषाधिकारको व्यवस्था गरिनेछ ।

६. मजदुरवर्ग, किसान र उत्पीडित जनसमुदायका लागि समानुपातिक प्रतिनिधित्व सहितका अधिकारहरूको प्राप्ति सुनिश्चित गरिनेछ ।

७. राष्ट्रिय पुँजीपतिवर्गका हकहित तथा अधिकारको पक्षपोषण गरिनेछ ।

८. स्वतन्त्र र स्वाधीन राष्ट्रिय अर्थतन्त्रको निर्माण तथा विकास गरिनेछ ।

९. शान्तिपूर्ण सहअस्तित्व तथा पञ्चशीलका सिद्धान्तका आधारमा पारस्परिक सम्मान र समानता सहित स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नुका साथै साम्राज्यवादको विरोध र राष्ट्रिय मुक्ति आन्दोलनको निम्ति संघर्ष गरिनेछ ।

१०. जन उत्तरदायी र सर्वसुलभ न्यायप्रणालीको व्यवस्था गरिनेछ ।

११. शिक्षा, स्वास्थ, खाद्य सम्प्रभुता, रोजगारी, आवाससहित जनजीविकाका आधारभूत समस्याहरूको सुनिश्चितता गरिनेछ ।

१२. राष्ट्रिय तथा वैज्ञानिक शिक्षाप्रणाली र संस्कृति लागु गरिनेछ ।

**ख) राष्ट्रियता र राष्ट्रहित सम्बन्धी कार्यक्रम :**

१. सन् १९५० को नेपाल भारत सन्धिलगायत सम्पूर्ण असमान सन्धी सम्झौताहरूको खारेजी गरिनेछ ।

२. सन् १९६५को राष्ट्रिय हितप्रतिकूलको सुरक्षा सम्बन्धी सन्धीको खारेज गरिनेछ ।

३. कोशी, गण्डकी र एकीकृत महाकाली सन्धीको खारेज गरिनेछ ।

४. माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत् परियोजना सम्बन्धी सम्झौताको अविलम्व खारेजी, पीडीए र पीटीएलाई अविलम्ब खारेज गरेर त्यसमा जी.एम.आर. कम्पनीले गर्न लागेको काममा रोक लगाउनेछ । अब जी.एम.आर. को म्याद थप्न दिइनेछैन ।

५. भारतद्वारा अतिक्रमित तथा मिचिएका कालापानी, सुस्ता, महेशपुर लगायत सम्पूर्ण भूभाग नेपाललाई फिर्ता गर्नको निम्ति पहल गरिनेछ ।

६. पारवहन सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय कानून अनुसार नेपालको लागि समुद्रीमार्गसम्मको पहुँच र पारवहन व्यवस्था सुनिश्चिताको लागि पहल गरिनेछ ।

७. राष्ट्रिय आत्मनिर्भर र स्वाधिन अर्थतन्त्रको विकास गर्ने नीति विपरीत भारतसंग गरिएको द्विपक्षीय लगानी प्रवर्धन तथा संरक्षण सम्बन्धी सम्झौता ९द्यक्षएएब० खारेज गरिनेछ ।

८. सबै क्षेत्रका उद्योग धन्दाहरूमा स्वदेशी लगानीको बर्चस्व सुनिश्चित गरिनेछ ।

९. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायत पन्ध्रवटा विमानस्थलको व्यवस्थापन भारतीय निजी कम्पनीलाई दिने निर्णय खारेज गरिनेछ ।

१०. चीन र भारत सरकारहरूका वीचमा गरिएको व्यापारिक सम्झौतामा लिपुलेक नाकालाई भारतीय भूभागको रूपमा उल्लेख गरिएकोमा त्यसलाई खारेज गरिनेछ ।

११. नेपाल-भारत खुल्ला सीमाको नियन्त्रण र नियमन गरिनेछ ।

१२. सरकारद्वारा ल्याइएको राष्ट्रिय हितप्रतिकूलको नागरिकता प्रमाणपत्र वितरण सम्बन्धी निर्णय खारेज गरी वास्तविक नेपालीलाई नागरिकताको हक प्रदानको व्यवस्था गरिनेछ ।

**ग) जनतन्त्र र जनहित सम्बन्धी कार्यक्रम :**

१. मजदुर तथा किसानवर्गका अधिकारको प्राप्ति सुनिश्चित गरिनेछ ।

२. उत्पीडित तथा सिमान्तकृत जाति, क्षेत्र र समुदायको पहिचानका आधारमा संघीयताको व्यवस्था गरिनुका साथै सम्पूर्ण प्रदेश र स्थानीय निकायमा स्वायत्तता र स्वशासनको व्यवस्था गरिनेछ ।

३. महिला, दलित तथा मुस्लिम समुदायलाई विशेषाधिकारको व्यवस्था गरिनेछ ।

४. राज्यका सबै अंगहरूमा पूर्ण समानुपातिक र समावेशिताको व्यवस्था गरिनेछ ।

५. दलित माथि हुने भेदभाव र छुवाछुतलाई गैरकानुनी घोषणा गरी छुवाछुतलाई व्यवहारतः अन्त्य गर्न कडा कारवाही गरिनेछ ।

६. सबै भाषाभाषीलाई समान अवसर र सुविधा प्रदान गरी मा.वि. तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

७. भूकम्पद्वारा ध्वस्त भएका विश्व सम्पदाका क्षेत्रहरू र ऐतिहासिक मठमन्दिर, पाटीपौवा हिटीहरूको तत्काल निर्माण गरी नेपाली कलाको संरक्षण र सम्वर्द्धन गरिनेछ । लोपोन्मुख भाषा, कला, संस्कृति, गीत, संगीतको संरक्षण र संवर्धन गरिनेछ । भूकम्पबाट पीडितहरूलाई अविलम्व पक्कीघर लगायत बाँच्नका लागि चाहिने आधारको व्यवस्था गरिनेछ ।

८. जनयुद्धका क्रममा राज्यद्वारा वेपत्ता पारिएका वेपत्ता योद्धाहरूको खोजी गरी सार्वजनिक गरिनेछ र दोषीमाथि कारवाही गरिनेछ । साथै सहिद तथा वेपत्ता योद्धा परिवारलाई उचित राहतको तुरुन्त व्यवस्था गरिनेछ ।

९. जनयुद्ध कालमा लगाइएका मुद्दाका आधारमा वारेन्ट जारी गर्ने, गिरफ्तार गर्ने, थुनछेक गर्ने कार्य तुरुन्त बन्द गरी सम्पूर्ण मुद्दाहरूलाई सत्य निरूपण तथा मेलमिलाप आयोग मार्फत समाधान गरिनेछ । जनयुद्धकालमा प्रतिशोधका आधारमा लगाइएका सम्पूर्ण मुद्दाहरू खारेज गरिनेछ ।

१०. वाक तथा प्रकाशन स्वतन्त्रतालाई पूर्ण रूपमा सुनिश्चित गरिनेछ ।

११. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिक कर्मीहरूको प्राज्ञिक स्वतन्त्रता सुनिश्चित गरिनेछ ।

**घ) जनजीविका र जनसेवा एवम सुविधा सम्बन्धी कार्यक्रम :**

१. सम्पूर्ण जनतालाई स्वदेशमै रोजगारीको अवसरको सिर्जना गर्ने र बेरोजगारलाई बेरोजगार भत्ताको व्यवस्था गरिनेछ ।

२. शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, सामाजिक सुरक्षा र खाद्यसम्प्रभुता जस्ता जनताको मौलिक अधिकारलाई व्यवहारतः सुनिश्चित गरिनेछ ।

३. माध्यमिक तह सम्म सबै क्षेत्रमा निःशुल्क र अनिवार्य शिक्षानीति, शिक्षा र स्वास्थ्यमा भएको निजीकरण र व्यापारीकरण बन्द गरी शिक्षा र स्वास्थ्यको सम्पूर्ण दायित्व राज्यले लिने व्यवस्था, जनवादी, वैज्ञानिक, व्यवहारिक तथा देशभक्तिको भावना बढाउने शिक्षा नीति र पाठ्यक्रमको व्यवस्था गरिनेछ ।

४. बृद्ध नागरिक, असहाय र नाबालक बाल-बालिकाहरूको हेरचाहको प्रत्याभूत गरिनेछ ।

५. मुटुरोग, मृगौलारोग, क्यान्सर जस्ता घातक रोगको उपचारको सम्पूर्ण रूपले यथाशीघ्र राज्यले दायित्ववहन गर्ने सुनिश्चित गरिनेछ ।

६. भूकम्प पीडित जनताका पक्किघर निर्माण गरी आवासको तुरुन्त व्यवस्था गरिनेछ ।

७. सामन्त दलाल तथा नोकरशाही पुँजीपतिहरूको जमीन जफत गरी भूमिहिनहरूलाई वितरण गरी क्रान्तिकारी भू-उपयोग नीतिको कार्यान्वयन गरिनेछ ।

८. कृषिको औधोगिकिकरण र व्यावसायीकरण गर्दै कृषियोग्य जमिनमा खेतीगर्ने वातावरण सिर्जना गर्न र कृषि उत्पादनमा बृद्धि गर्नका लागि किसानलाई अनुदान, मल बिउको व्यवस्था र कृषि उत्पादनको उचित मूल्यमा बिक्रिको व्यवस्था गरिनेछ ।

९. पशुपालनलाई व्यावसायिक बनाउँदै पशुपालक किसानलाई पशु खरिद गर्नका लागि अनुदान दिनुका साथै उत्पादन खरिद गर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

१०. हिमाली क्षेत्रमा खाद्यान्नको अभाव हुन नदिनका लागि त्यसै क्षेत्रमा खाद्यान्न उत्पादनको व्यवस्था र अपुग खाद्यान्न भएकोलाई अनुदान दिई सहुलियत भाउमा उपलब्ध गराउने व्यवस्थाको सुनिश्चित गरिनेछ ।

११. हिमाली क्षेत्रमा पाइने जडीबुटीको वैज्ञानिक ढंगले संवर्धन र प्रवर्धन गर्दै संकलनको समुचित व्यवस्था गरी प्रशोधनको व्यवस्था र त्यस क्षेत्रमा फलफूल उत्पादनको विकास गरी कृषिका लागि बजारको व्यवस्था गरिनेछ ।

१२. जल, जमिन र जंगल जस्ता प्राकृतिक स्रोत साधनहरूमा स्थानीय जनताको अग्राधिकार सुनिश्चित गरिनेछ ।

१३. मजदुरहरूको उचित ज्याला निर्धारण गरी कडाइपूर्वक लागू गरिनेछ । मजदुरहरूको कामको ग्यारेण्टी गर्न ठेकेदारी, करार र ज्यालादारी प्रथालाई खारेज गरिनेछ ।

१४. कालाबजारी, भ्रष्टाचारी र तस्करीहरूमाथि कडा कारवाही गरी बढ्दो महंगी नियन्त्रण गरिने र उपभोग्य वस्तुको वितरण सुलभ ढंगले व्यवस्था गरिनेछ ।

१५. राज्यका सबै अंग र निकायहरूमा उत्पीडित वर्ग, जाति, आदिवासी जनजाति, क्षेत्र, दलित र महिलाको समानुपातिक र समावेशिताको नीति व्यवहारमा लागू गरिनेछ ।

१६. छोरीलाई छोरा सरह पैत्रिक सम्पत्ति माथिको हक व्यवहारतः लागु गरिनेछ ।

१७. वर्गिय, जातिय र क्षेत्रिय रूपमा सबै जनसमुदायहरूलाई एकताबद्ध गराइनेछ र उनीहरूका हक अधिकार सुनिश्चित गरिनेछ ।

१८. नगर/उपमहानगर/महानगरपालिकाहरूले जनताका ढाड सेक्ने गरी घर जग्गाको कर वृद्धि गरेको र गर्ने क्रममा रहेकोले वृद्धि गरिसकेको कर खारेज गरिनेछ र वृद्धि गर्न लागेका ठाउँमा कर वृद्धि रोक्न अविलम्ब पहल गरिनेछ ।

... बाँकी ८ पेजमा

# अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम र विश्व समाजवादी आन्दोलन

## (२०७४ वैशाख ९ गते लेनिन जयन्तीको उपलक्ष्यमा आयोजित संयुक्त अन्तरक्रिया कार्यक्रममा नेकपा(मसाल)का महामन्त्री क.मोहनविक्रम सिंहद्वारा प्रस्तुत अवधारणा-पत्र)

अहिले हामीले एक वर्षसम्म नै रूसको अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी कार्यक्रम मनाउँदै छौँ । त्यो शतवार्षिकी कार्यक्रमको सैद्धान्तिक, ऐतिहासिक र राजनीतिक दृष्टिकोणले पनि ठूलो महत्व छ । अक्टोबर क्रान्तिपछि नै रूसमा समाजवादी व्यवस्थाको स्थापना भयो र विश्व समाजवादी व्यवस्थाको नै निर्माण भयो । मार्क्सले समाजवादी व्यवस्थाको जुन सैद्धान्तिक व्याख्या प्रस्तुत गरेका थिए, त्यसलाई लेनिन, स्तालिन र माओको नेतृत्वमा व्यवहारिक रूप दिने काम गरियो ।

मार्क्सवादी-लेनिनवादी सिद्धान्तले बारम्बार यो कुरा स्पष्ट गर्दै आएको छ कि, क्रान्ति सीधा रेखामा अगाडि बढ्दैन र त्यो कैयौँ टेढामेढा बाटाहरूको बीचमा हुँदै अगाडि बढ्दछ । त्यो कुरा खालि समाजवादी क्रान्तिबारे मात्र सत्य होइन, अन्य सबै क्रान्तिहरूबारे पनि त्यो नियम लागू हुन्छ । संसारका विभिन्न देशहरूमा दास प्रथा, सामन्तवादका विरुद्धका सङ्घर्षहरू वा राष्ट्रिय मुक्ति आन्दोलनहरू पनि त्यसरी नै अगाडि बढ्ने गरेका थिए । इङ्ग्लाण्डको निरङ्कुश राजतन्त्रका विरुद्धको आन्दोलन वा फ्रान्सको गणतन्त्रको सङ्घर्ष कैयौँ विजय र पराजय वा क्रान्ति र प्रतिक्रान्तिका बीचमा हुँदै अगाडि बढेका थिए । त्यस प्रकारको पृष्ठभूमिमा नै हामीले रूसको समाजवादी क्रान्तिलाई पनि बुझ्नु पर्दछ ।

अक्टोबर क्रान्तिले सोभियत सङ्घमा जुन समाजवादी व्यवस्थाको निर्माण गरेको थियो, अब त्यो छैन र त्यहाँ पूँजीवादको पुनर्स्थापना भइसकेको छ । तर त्यसको अर्थ अक्टोबर क्रान्तिको महत्व वा सान्दर्भिकता समाप्त भइसक्यो भन्ने होइन । त्यो इतिहासको विषय बनिसक्यो भन्ने पनि होइन । त्यसको महत्व अहिले पनि छ । त्यो महत्व ऐतिहासिक रूपमा मात्र छैन, वर्तमान समयमा पनि अक्टोबर क्रान्तिले समाजवादी आन्दोलनलाई अगाडि बढाउन विश्वभरमा महत्वपूर्ण भूमिका खेलिरहेको छ भने त्यसले विश्व समाजवादी क्रान्तिको उज्ज्वल भविष्यका लागि आधार तयार पार्ने कुरा पनि प्रष्ट छ ।

कुनै बेला दास प्रथा, विश्वको एउटा शक्तिशाली व्यवस्था थियो । तर अब त्यसको अन्त मात्र भएको छैन, त्यसको कुनै भविष्य पनि छैन । तर अब ती इतिहासका विषय बनेका छन् । सामन्ती व्यवस्थाका केही अवशेषहरू अहिले पनि संसारका विभिन्न देशहरूमा पाइन्छन् । सामन्तवाद र राजतन्त्र कुनै बेला विश्वव्यापी व्यवस्था थिए । आज पनि कतिपय देशहरूमा सामन्ती व्यवस्था, अर्धसामन्ती व्यवस्था वा निरङ्कुश राजतन्त्र कायम छन् । कतिपय देशहरूमा, उदाहरणका लागि नेपालमा, त्यसको पुनर्स्थापनाका लागि प्रयत्न भइरहेका छन् । तर ती इतिहासको धाराका विरुद्धको व्यर्थको प्रयत्न हो । विश्व स्तरमा सामन्ती व्यवस्था वा राजतन्त्रको आधार समाप्त भइसकेको छ । त्यसैले अब तिनीहरूको कुनै भविष्य छैन । विश्व समाजवादी व्यवस्थाको पतन भएको कुरा सत्य हो । तर दास प्रथा र सामन्तवादी व्यवस्थाको विपरित समाजवादी व्यवस्थाको उज्ज्वल भविष्य छ ।


कुनै बेला कुन प्रकारको सामाजिक संरचनाको निर्माण हुन्छ ? त्यो कुराको निर्धारण भौतिक परिस्थितिले नै गर्दछ । जुन प्रकारको भौतिक परिस्थितिमा दास प्रथाको निर्माण भयो, त्यस प्रकारको भौतिक आधार समाप्त भएपछि त्यसको त्यो सामाजिक संरचना पनि टिक्न सक्दैन । औद्योगिक विकासले सामन्ती व्यवस्थाको भौतिक आधारलाई कमजोर पार्दै लग्यो र त्यसको ठाउँ पूँजीवादले लिंदै गयो । दास प्रथाको भौतिक आधार समाप्त भइसक्यो र विश्वव्यापी रूपमा सामन्तवादको पनि भौतिक आधार धेरै कमजोर भएको छ । त्यसकारण भविष्यमा तिनीहरूको पुनर्स्थापनाको सम्भावना छैन । भौतिक परिस्थिति वा उत्पादक शक्तिहरूमा भएको परिवर्तनले खालि आर्थिक दृष्टिकोणले मात्र होइन, राजनीतिक, सामाजिक, सांस्कृतिक प्रकारले पनि सामन्ती व्यवस्थाको आधारलाई पनि कमजोर पार्दै लैजान्छ । त्यसैले सामन्तवादको पुनर्स्थापनाको कुनै सम्भावना छैन । तर त्यही कुरा समाजवादको विषयमा सत्य होइन । जुन प्रकारको भौतिक परिस्थितिमा समाजवादी आन्दोलनको विकास भयो, त्यो परिस्थिति अहिले पनि छ र त्यसको विश्वस्तरमा अरू विकास हुँदै गइरहेको छ । त्यस प्रकारको परिस्थितिले एकातिर पूँजीवादको अन्त हुने र अर्कातिर विश्व समाजवादी क्रान्तिको विजय हुने कुरा निश्चित छ ।

इतिहासमा पूँजीपति वर्गले २ वटा महत्वपूर्ण ऐतिहासिक भूमिका खेलेको छ : प्रथम, सामन्तवादको आधारलाई कमजोर पार्ने । द्वितीय, समाजवादको आधारलाई मजबुत पार्ने । पूँजीवादले आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणले पनि सामन्तवादको आधारलाई कसरी ध्वस्त पाऱ्यो ? त्यो आम रूपमा थाहा भएको कुरा हो । द्वितीय, पूँजीवादले समाजवादको आधारलाई मजबुत पार्दछ ।

पूँजीवादको अस्तित्व नाफामाथि निर्भर गर्दछ । बढी नाफा कमाउन त्यसले आफ्नो उद्योगहरूलाई बढाउँदै लैजानुपर्छ । त्यसका लागि ठूलो पैमानामा उत्पादन गर्नुपर्दछ । त्यो क्रममा पूँजीपति वर्गले उत्पादनलाई सामाजिक रूप दिंदै जानुपर्छ । त्यसरी पूँजीवादभित्र गम्भीर प्रकारको अन्तर्विरोध पैदा हुन्छ । त्यो अन्तर्विरोध हो - उत्पादन वा उत्पादन शक्तिहरूको सामाजिक रूप र उत्पादनका साधनहरूमाथिको स्वामित्व वा त्यसबाट पैदा हुने फलको व्यक्तिगत प्रकारले उपयोग । यो कुरा ठीक त्यस्तै हुन्छ, जस्तो कि खोलामा सामूहिक रूपले माछा मारेपछि त्यसको ठूलो भागमाथि व्यक्तिगत रूपमा कब्जा जमाउनु । त्यो अन्तर्विरोधको समाधान खाली एउटै तरिकाले मात्र हुनसक्दछ । त्यो तरिका हो - उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व र त्यसबाट प्राप्त हुने फलमाथि मेहनतकश जनताको सामूहिक अधिकार । त्यही समाजवाद हो ।

त्यसरी पूँजीवादी कार्यप्रणालीले नै समाजवादको लागि आधार व्यापक पार्दै लैजान्छ । भूमण्लीकरणले उत्पादक शक्तिहरूको सामाजिकरणलाई अरू विश्वव्यापी रूप दिंदै लगिरहेको छ र त्यसको परिणामस्वरूप समाजवादको पनि विश्वव्यापी रूपमा भौतिक आधार तयार हुँदै गइरहेको छ । त्यसरी दास प्रथा, सामन्ती व्यवस्था र विश्व समाजवादी व्यवस्थाको पतनको प्रकृति एकै प्रकारको नभएको कुरा प्रष्ट छ । दासप्रथा वा सामन्ती व्यवस्थाको भौतिक आधार नै समाप्त भएको हुनाले अब तिनीहरूको कुनै भविष्य छैन । तर समाजवादको भौतिक आधार समाप्त नभएको मात्र होइन, त्यो अरू विकसित हुँदै गइरहेको छ । त्यसकारण त्यसको भविष्य उज्ज्वल भएको वा त्यसको विश्वव्यापी विजय अवश्यम्भावी भएको कुरा प्रष्ट छ ।

यहाँ यो कुरा उल्लेखनीय छ कि विश्वव्यापी समाजवादी व्यवस्थाको पतन वा संसारका विभिन्न देशहरूका कम्युनिष्ट पार्टीहरूको पतनमा आन्तरिक कारणले पनि प्रमुख भूमिका खेल्ने गरेको छ । पूँजीवादका विरुद्ध बाहिर मात्र सङ्घर्ष गरेर पुग्दैन । छद्म रूपमा पूँजीवाद कम्युनिष्ट पार्टीभित्र पनि विद्यमान हुन्छ । त्यसको अर्थ दुश्मनका एजेन्ट वा सी.आई.डी.हरूले मात्र पार्टीमाथि आक्रमण गर्दछन् भन्ने होइन । कतिपय अवस्थामा त्यस्तो पनि हुन्छ । तर खतरा त्यो बेला कैयौँ गुणा बढी गम्भीर हुन्छ, जब इमान्दार र क्रान्तिकारी कम्युनिष्टहरूले पनि एक वा अर्को प्रकारले पूँजीवादको सेवा गर्न वा कम्युनिष्ट पार्टीको आधारलाई कमजोर पार्ने काम गर्न चाहन्छन् । त्यस प्रकारको कार्य उनीहरूले जानीजानी वा सचेतपूर्वक नै त्यसो गर्दछन् भन्ने होइन । उनीहरूको भित्रको पूँजीवादी वा निम्नपूँजीवादी प्रवृत्तिले उनीहरूलाई गैरकम्युनिष्ट वा गैर क्रान्तिकारी बाटोमा हिड्न बाध्य पार्दछ । प्रकट रूपमा उनीहरू इमान्दार र क्रान्तिकारी कम्युनिष्ट हुन्छन्, वास्तवमा उनीहरू त्यस्तो हुन्छन् पनि । तर उनीहरूभित्रको गैरक्रान्तिकारी वा गैरकम्युनिष्ट चरित्रले उनीहरूलाई क्रान्तिकारी दिशामा अगाडि बढ्न दिन्न । त्यो कारणले पनि पार्टीभित्र विभिन्न प्रकारका संशोधनवादी वा अवसरवादी प्रवृत्तिहरू पैदा हुन्छन् ।



मोहन विक्रम सिंह

**अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रमलाई हामीले खालि कुनै चाडको रूपमा अपनाउँदैनौँ । त्यसको महत्व कम्युनिष्ट आन्दोलनलाई सही र सैद्धान्तिक धरातलमा स्थापित गर्ने कुरासित सम्बन्धित छ । अर्को शब्दमा त्यसलाई हामीले विश्वस्तरमा र नेपालमा पनि समाजवादी वा क्रान्तिकारी आन्दोलनलाई उच्च रूपमा अगाडि बढाउन पनि उपयोग गर्नु पर्दछ ।**

अर्को एउटा रूपमा पनि पूँजीवादले कम्युनिष्टहरूलाई भ्रष्ट पार्दै लैजान्छ । पूँजीवादको आधारशीला व्यक्तिगत स्वार्थ नै हो । त्यसको विपरीत कम्युनिष्ट दर्शनले समाजका सम्पूर्ण शोषित, उत्पीडित जनताको मुक्तिका लागि बढीभन्दा बढी त्याग र बलिदान गर्ने कुरामा जोड दिन्छ । तर निम्नपूँजीवादी प्रवृत्ति वा पूँजीवादको असरले कम्युनिष्टहरूलाई पनि झन्पछि झन् व्यक्तिगत स्वार्थ उन्मुख बनाउँदै लैजान्छ । रूस र चीनको प्रतिक्रान्तिमा त्यस प्रकारको तत्वको प्रमुख भूमिका रह्यो । व्यक्तिगत स्वार्थले चीनमा समाजवादका अगाडि पैदा गरेको पतनलाई रोक्न नै चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति चलेको थियो । तर त्यो सांस्कृतिक क्रान्ति असफल भयो र त्यसको परिणाम स्वरूप त्यहाँ समाजवादी व्यवस्थाको पतन भयो ।

पार्टीभित्र देखापर्ने त्यस प्रकारका गैरकम्युनिष्ट वा गैरक्रान्तिकारी प्रवृत्तिहरूबाट सम्भावित गम्भीर प्रकारको खतराप्रति ध्यान दिएर नै मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराका संस्थापकहरूले पार्टीभित्र देखापर्ने पूँजीवादी वा निम्नपूँजीवादी प्रवृत्तिहरूका विरुद्ध दृढतापूर्वक सैद्धान्तिक सङ्घर्ष गर्नुपर्ने आवश्यकतामा जोड दिंदै आएका थिए । तर कतिपय अवस्थामा पार्टीभित्र एकताबारे यान्त्रिक सोचाइ अपनाएर गलत प्रवृत्तिहरूसित पनि कृतिम प्रकारले सम्झौता गर्ने गरिन्छ । त्यसो गर्दा उपरी प्रकारले स्थिति सामान्य र शान्त देखिन्छ । तर भित्रदेखि नै आगो सल्किदै गइरेको हुन्छ । त्यो अवस्थामा या त पार्टीमा गम्भीर प्रकारका फुटहरूको स्थिति पैदा हुन्छ या त पार्टीले पूरै नै विभिन्न प्रकारका अवसरवाद, भड्काव वा पलायनको बाटो समात्छ ।

कम्युनिष्ट पार्टी सही अर्थमा सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी त्यो अवस्थामा नै हुन्छ जब त्यसले आधारभूत मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई पथप्रदर्शक सिद्धान्तहरूका रूपमा अपनाउने काम गर्दछ, निश्चय नै विश्वको परिस्थिति वा कुनै देशको स्थितिमा हुने परिवर्तनको ठोस विश्लेषण गरेर पार्टीका नीति र कार्यक्रमहरूमा सिर्जनात्मक विकास पनि गर्नुपर्ने आवश्यकता हुन्छ । तर सिर्जनात्मक विकासको नाममा आधारभूत मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई नै परित्याग गर्ने प्रवृत्ति पनि विश्व कम्युनिष्ट आन्दोलनमा व्यापक रूपले पाइन्छ । त्यस प्रकारका आधार भूत सिद्धान्तहरूमा सर्वहारावर्गको अधिनायकत्व, वर्गसङ्घर्ष, सशस्त्र सङ्घर्षको अनिवार्यता आदि जस्ता सिद्धान्तहरू मुख्य रूपमा आउँछन् । सृजनात्मक विकासको नाममा विश्व स्तरमा र नेपालमा पनि आधारभूत मार्क्सवादी-लेनिनवादी सिद्धान्तहरूलाई मनोमानी प्रकारले परित्याग गर्ने प्रयत्नहरू बारम्बार हुने गरेका छन् । त्यस प्रकारको कार्यविधिले कम्युनिष्ट पार्टीलाई पतनको दिशामा लैजान्छ ।

एकातिर हामीले कम्युनिष्ट आन्दोलनका क्रान्तिकारी सिद्धान्तहरूको रक्षाका लागि संधै प्रयत्न गर्नुपर्दछ भने अर्कातिर कुनै खास अवस्थाको ठोस परिस्थितिको विश्लेषण गरेर तात्कालिक कार्यनीति निर्धारित गर्ने प्रश्नमा पनि अत्यन्त कुशल हुनुपर्दछ । त्यस अनुसार कतिपय अवस्थामा सैद्धान्तिक र रणनीतिक रूपले अपनाउने नीति वा कार्यक्रमभन्दा बेग्लै नीतिहरू पनि अपनाइरहेका हुन्छौँ वा अपनाउनुपर्दछ । उदाहरणका लागि सैद्धान्तिक र रणनीतिक रूपले हामीले संसदीय वा बहुदलीय प्रणालीलाई अस्वीकार गरिरहेका हुन्छौँ । तर कुनै बेलाको खास स्थिति र आवश्यकतानुसार कार्यनीतिक रूपमा तिनीहरूलाई अपनाउनुपर्ने आवश्यकता पनि हुन्छ । रणनीतिक रूपमा सशस्त्र सङ्घर्ष अनिवार्य भए पनि कार्यनीतिक रूपमा शान्तिपूर्ण आन्दोलनलाई पनि स्वीकार गर्नुपर्ने आवश्यकता हुन्छ । दुश्मन शक्तिहरूसित सङ्घर्ष नै प्रधान पक्ष हुन्छ । तर कतिपय अवस्थामा दुश्मन शक्तिहरूसित पनि कार्यगत एकता गर्नुपर्ने आवश्यकता हुन्छ । रणनीतिक रूपमा हामीले समाजवाद वा नयाँ जनवादी क्रान्तिमा जोड दिए पनि कतिपय अवस्थामा ती भन्दा तल्लो स्तरका पूँजीवादी प्रकारका कार्यक्रम वा सुधार कार्यक्रमहरूलाई पनि अपाउने गर्दछौँ ।

कुनै खास बेलाको प्रस्तुतिको विश्लेषण गरेर तात्कालिक कार्यनीति अपनाउने बेलामा समाजवाद, सर्वहारावर्गको अधिनायकत्व, सशस्त्र सङ्घर्षको अनिवार्यता जस्ता आधारभूत सिद्धान्तहरूलाई छाड्ने र तिनीहरूको विषयमा प्रचारात्मक आन्दोलनलाई पनि परित्याग गर्ने गल्ति गर्नु हुन्न । यस सन्दर्भमा यो पनि उल्लेखनीय छ कि संसारमा कतिपय कम्युनिष्ट पार्टीहरूले मार्क्सवादमा सृजनात्मक विकासको नाममा खालि सर्वहारावर्गको अधिनायकत्व, सशस्त्र सङ्घर्षको अनिवार्यता जस्ता आधार भूत सिद्धान्तहरूलाई परित्याग गर्ने मात्र होइन, स्वयं मार्क्सवाद परित्याग गर्ने गरेका छन् । नेपालको कम्युनिष्ट आन्दोलनमा सृजनात्मक विकासको नाममा जनवादी क्रान्ति, माओत्सेतुङ विचारधारालाई परित्याग, सर्वहारा सांस्कृतिक क्रान्तिको विरोध गर्ने पनि गरिएको छ ।

विश्व कम्युनिष्ट आन्दोलनमा द्वन्दात्मक भौतिकवादी चिन्तनको विकास, समाजवादको निर्माण, पार्टीमा देखा पर्ने विभिन्न प्रकारका दक्षिणपन्थी वा उग्र"वामपन्थी" भड्कावहरूका विरुद्धको सङ्घर्ष वा फासिष्ट विरुद्धको युद्धमा स्तालिनको अत्यन्त ठूलो र ऐतिहासिक भूमिका रहेको थियो । तर ख्रुश्चेभले स्तालिनको भर्त्सना गरेपछि विश्व कम्युनिष्ट आन्दोलनमा उनको विरोध गर्ने प्रवृत्ति निकै फैलिएर गयो र कतिपय मार्क्सवादी-लेनिनवादीहरूले पनि स्तालिनको विरोध गर्ने गर्दछन् । मार्क्सवाद-लेनिनवादको सृजनात्मक विकासमा माओको ऐतिहासिक भूमिका रहेको छ । खास गरेर ख्रुश्चेभको नेतृत्वमा देखापरेको संशोधनवादको विरुद्धको सङ्घर्षमा उनको अन्तर्राष्ट्रिय स्तरमा नै ठूलो योगदान रह्यो । तर त्यसका साथै चीनमा देखापरेको पूँजीवादको पुर्नस्थापनाको खतरा विरुद्ध उनको नेतृत्वमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिले पनि खालि चीनको लागि मात्र होइन, अन्तर ाष्ट्रिय रूपमा ठूलो सैद्धान्तिक महत्व राख्दछ । तर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा माओ र सांस्कृतिक क्रान्तिको विरोध गर्ने प्रवृत्तिहरू पनि व्यापक रूपमा देखापरेका छन् ।

आज अन्तर्राष्ट्रिय स्तरमा समाजवादी क्रान्ति वा कम्युनिष्ट आन्दोलनको बलियो आधार छ । विश्व पूँजीवादमा बढ्दै गइरहेको सङ्कटले समाजवादी क्रान्तिका लागि वस्तुगत परिस्थितिलाई परिपक्व बनाउँदै लगिरहेको छ । तर आत्मगत पक्ष कमजोर छ । त्यस प्रकारको अवस्थामा अहिलेको स्थितिमा परिवर्तन गर्नुपर्ने वा आत्मगत स्थितिलाई बलियो बनाउनुपर्ने आवश्यकता छ । तर त्यो कार्य त्यो बेलासम्म सम्भव हुने छैन, जबसम्म जुन गलत प्रवृत्तिहरूले विश्व समाजवादी व्यवस्था वा विश्व कम्युनिष्ट आन्दोलनलाई कमजोर बनाएर तिनीहरूलाई निराकरण गरिने छैन । त्यसको अर्थ यो पनि हुन्छ, सबै प्रकारका गैरसर्वहारा वा गैरकम्युनिष्ट प्रवृत्तिहरूका विरुद्ध सैद्धान्तिक सङ्घर्ष । त्यसको अर्थ यो पनि हुन्छ, मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधाराका आधारभूत सिद्धान्तहरू, स्तालिन र माओ, चीनको महान् सर्वहारा सांस्कृतिक क्रान्ति समेतको पक्षमा सम्झौताहीन प्रकारको सैद्धान्तिक सङ्घर्ष ।

कम्युनिष्ट आन्दोलनमा संशोधनवाद खाली सैद्धान्तिक र राजनीतिक रूपमा मात्र देखापर्दैन, त्यो सङ्गठनात्मक रूपमा पनि देखा पर्दछ । मार्क्सवादी-लेनिनवादी सङ्गठन प्रणालीको विकासको लामो इतिहास छ । मार्क्स-एङ्गेल्सको पालादेखि सङ्गठनको क्षेत्रमा भएका लामो अनुभव, गलत सोचाइहरूका विरुद्ध भएको लामो सङ्घर्ष वा गल्तिहरूको सैद्धान्तिक विश्लेषण र संस्लेषणपछि नै मार्क्सवादी-लेनिनवादी सङ्गठनात्मक प्रणालीको विकास भएको हो । जब कुनै पार्टीले सैद्धान्तिक र राजनीतिक रूपले एक वा अर्को प्रकारले संशोधनवाद र भड्कावको बाटो समात्छ, त्यसको असर सङ्गठनात्मक प्रणालीमा पनि पर्दछ र सङ्गठनात्मक प्रणालीले मार्क्सवादी-लेनिनवादी प्रणालीका ठाउँमा अराजकतावादी वा पूँजीवादी रूप लिंदै जान्छ । त्यो अवस्थामा कम्युनिष्ट पार्टीको पतन हुनु अनिवार्य छ ।

कम्युनिष्ट पार्टीलाई सङ्गठनात्मक रूपले मार्क्सवादी-लेनिनवादी रूपमा कायम राख्नु अत्यन्त कठिन कार्य हो । एकातिर, विश्वपूँजीवादी संस्कृति र जीवनशैलीको असर, अर्कातिर, स्वयं कम्युनिष्ट आन्दोलनमा बढ्दै गइरहेका विभिन्न प्रकारका गैर-मार्क्सवादी-लेनिनवादी प्रवृत्तिहरूका कारणले कम्युनिष्ट पार्टीको सङ्गठनात्मक प्रणालीलाई सही अर्थमा कम्युनिष्ट पार्टीको रूपमा बचाएर राख्नु अत्यन्त कठिन कार्य भएको छ । त्यसका साथै यो पनि सत्य हो कि कम्युनिष्ट पार्टीलाई सही अर्थमा कम्युनिष्ट पार्टीको रूपमा सङ्गठित नगर्दासम्म त्यसले क्रान्तिकारी जिम्मेवारी पनि पूरा गर्न सक्दैन ।

अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रमलाई हामीले खालि कुनै चाडको रूपमा अपनाउँदैनौँ । त्यसको महत्व कम्युनिष्ट आन्दोलनलाई सही र सैद्धान्तिक धरातलमा स्थापित गर्ने कुरासित सम्बन्धित छ । अर्का शब्दमा त्यसलाई हामीले विश्वस्तरमा र नेपालमा पनि समाजवादी वा क्रान्तिकारी आन्दोलनलाई उच्च रूपमा अगाडि बढाउन पनि उपयोग गर्नु पर्दछ । त्यो अर्थमा नै हामीले अक्टोबर समाजवादी शतवार्षिकी कार्यक्रमलाई मनाउँदै छौँ र मनाउनु पर्दछ ।

आज हामीले यो अन्तरक्रिया कार्यक्रमलाई संयुक्त रूपले आयोजना गरेका छौँ । अन्तरक्रिया कार्यक्रमको सिलसिलामा वामपन्थीहरूको बीचमा कायम भएको त्यो एकतालाई हामीले अरू उच्च स्तरमा अगाडि बढाउन प्रयत्न गर्नुपर्ने आवश्यकता छ । त्यसरी नै हामीहरू अक्टोवर क्रान्तिले देखाएको दिशामा सशक्त रूपले अगाडि बढ्न सक्दछौँ र बढ्नु पनि पर्दछ । त्यो हाम्रो नेपालको कम्युनिष्ट आन्दोलन मात्र होइन, अन्तर्राष्टिय कम्युनिष्ट आन्दोलन प्रतिको पनि जिम्मेवारी हो । धन्यवाद !

# लेनिन–एक ऐतिहासिक युग पुरुष



● कृष्णदास श्रेष्ठ

लेनिन शोषण तथा उत्पीडनबाट मानवजातिको मुक्ति आन्दोलनको इतिहासमा एक पौराणिक व्यक्तित्वको रूपमा रहेका छन् । लेनिन वास्तवमा यस्तो नाउँ हो, त्यस्तो चिनारी हो जुन मानवजातिको इतिहासमा एउटा नयाँ युगको प्रादुर्भावसित अभिन्न घनिष्ट रूपमा जोडिएको छ । त्यो युग हो पुँजीवादबाट समाजवादका संक्रमणको युग र १९१७ बाट शुभारम्भ भएको संक्रमणको विशाल प्रक्रिया आफ्ना अनेकौं मोड र घुम्तीहरू हुँदै र अनेकौं पछि हटाइहरूलाई व्यहोर्दै आफ्नो ऐतिहासिक विकासको बाटोमा अघि बढिरहेको छ । वर्तमान युग त्यही युग हो, जुन युगमा हामी सब अहिले रहिरहेका छौं ।

महान अक्टोबर समाजवादी क्रान्तिको नाउँबाट विश्व इतिहासमा सुविख्यात रहेको रुसी क्रान्ति, जुन क्रान्तिले माथि- उल्लेखित पुँजीवादबाट समाजवादमा संक्रमणको ऐतिहासिक युगको सूत्रपात गरेको थियो, र जुन क्रान्ति बोल्सेविक पार्टीको नाउँबाट चिनिएको आधुनिक सर्वहारावर्गको पार्टीको नेतृत्वमा सम्पन्न भएको थियो, त्यसका शीर्षस्थ संगठनकर्ता तथा संचालक लेनिन रहेका थिए ।

एउटा नयाँ ऐतिहासिक युगको सूत्रपात गर्ने महान् रुसी क्रान्तिका योग्य, सक्षम तथा कुशल संचालक र इतिहासमा पहिलो सोभियत राज्य, समाजवादी राज्यका निर्माताको रूपमा लेनिनको नाउँ गर्ने अपूर्व योग्यता, उनका अपूर्वबुद्धि तथा प्रतिभा, आत्म-त्यागको अलौकिक क्षमता अदम्य साहस, कठोर श्रम गर्ने सामर्थ्य, जनताको तागतप्रति अपार विश्वास, सत्यजतिकै उनको सरलता, आदि गुणहरूले गर्दा साधारण मानिसहरूले उनलाई एक महानमानव ठान्ने समेत गरेको पाइन्छ । इतिहासमा घट्ने उक्त रूपमा लिने गर्छन, तर त्यो इतिहासलाई हेर्ने गलत दृष्टिकोण सम्पन्न, बहुआयामिक, मेधावी व्यक्तित्व थिए, तापनि उनी एक स्वाभाविक परिघटना थिए ।



पहिले पहिलेका महान् विभुक्तिहरूझैं लेनिन पनि आफ्नो समय, परिस्थिति र युगका उपज थिए । महान् क्रान्तिहरू र युगान्तकारी परिवर्तन ल्याउने ऐतिहासिक घटनाहरूले महान् नेताहरूको अपेक्षा गर्छन् र सो ऐतिहासिक आवश्यकताको पूर्तिस्वरूप ऐतिहासिक पुरुषहरू इतिहासको रंगमञ्चमा देखा पर्छन् तर इतिहास महापुरुषको उपज कदापि होइन, बरु महापुरुषहरू इतिहासका उपज हुन् । इतिहासमा घट्ने ठूल-ठूला ऐतिहासिक घटना र क्रान्तिहरूमा निर्णायक शक्ति आम जनता हुन् । तर त्यस्ता घटना र परिवर्तनहरूका जन्मदाता महान् जनआन्दोलनले आफूलाई कुनै एउटा व्यक्तित्वमा केन्द्रित गर्न सक्छन् । यस्तो अवसर हुने गरेको छ र सामान्य रूपमा यो इतिहासको एउटा नियम हो । एउटा विदेह कहावत छ 'जब समयले परिवर्तनको माग गर्छ, त्यसबेला सबै साधनहरू परिवर्तन कर्न कटिबद्ध व्यक्तिको वरिपरि जम्मा हुन्छन् ।' ९ध्जभल तजभ तष्भक चभनगष्च्भ अजबलनभ बर्ी ञ्भबलक नबततभच बचयगलम तजभ यलभ धजय ष्क चभबमथ तय अजबलनभ० धार्मिक दृष्टिबाट त्यस्तो व्यक्तिलाई 'अवतार' भन्ने गरिन्छ, तर त्यस्तो व्यक्ति देखापर्नु माथि उल्लेखित ऐतिहासिक आवश्यकताको पूर्ति मात्र हो । महान् परिवर्तनको लागि परिस्थिति परिपक्व हुँदा महान् व्यक्तित्वहरू देखा पर्छन्, जसले आफ्नो युग र आफ्नो वर्गका खाँचोहरूलाई अत्यधिक गहन तथा जोडदार रूपमा व्यक्त गर्छन् । बीसौं शताब्दीको दोस्रो दशकमा नयाँ ऐतिहासिक युगको सूत्रधार महान् रुसी क्रान्ति महान रुसी जनताको कार्य थियो, तर उक्त क्रान्तिले लेनिनजस्तो अनुपम बुद्धि, ज्ञान र साहसका धनी र दृढ संकल्प शक्ति तथा व्यावहारिक सूक्ष्मबुद्धिले सम्पन्न व्यक्तिलाई आफ्ना संचालक नेता तथा निर्देशकको रूपमा पायो र त्यो साँच्चिकै भन्ने हो भने, त्यस्तो ठूलो भाग्यको कुरा थियो ।

त्यसरी, लेनिन रुसी सर्वहारावर्गको नेतृत्वमा चलेको महान् क्रान्तिकारी जनआन्दोलन र नयाँ ऐतिहासिक युगको अपज थिए । लेनिन इतिहासमा त्यस्तो व्यक्तित्व रहे, जसमा एउटा पूरै युगले आफूलाई व्यक्त गरेको छ । वास्तवमा लेनिन उक्त युगको सबभन्दा उत्कृष्ट मूर्तिकरण बनेका छन् ।

लेनिनको जीवन र क्रियाकलाप रुसमा सर्वहारावर्गको पार्टी जुन बोल्सेविक पार्टीको नाउँबाट विश्वप्रसिद्ध रह्यो र जसले अक्टोबर समाजवादी क्रान्तिको कुशल तथा सफल ढंगबाट संचालन गर्‍यो, त्यसको निर्माण तथा विकास र त्यसको क्रियाकलापसित अभिन्न र घनिष्ट रूपमा गाँसिएको थियो । आफू राजनीतिक रंगमञ्चमा उत्रेको बेलादेखि नै लेनिनलाई कुन कुराको राम्रो ज्ञान रहेको थियो भने क्रान्तिकारी मार्क्सवादको मार्गदर्शन र त्यसद्वारा आलोकित बाटोबाट मात्र संसारको क्रान्तिकारी रूपान्तरणको कार्यलाई सिद्ध गर्न सकिनेछ र पुँजीवादी समाजको सबभन्दा क्रान्तिकारी कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सकिने छ र संसारलाई फेर्ने आफ्नो ऐतिहासिक अभिभारा पूरा गर्न सर्वहारावर्गको आफ्नै स्वाधीन पार्टी हुनुपर्छ । उनको एउटा मूलमन्त्र थियो, 'हामीलाई क्रान्तिकारीहरूको एउटा संगठन दिनुहोस् हामी रुसलाई पल्टाइ दिनेछौं ।' ९न्ष्खभ गक बल यचनबलष्नबतष्यल या चभखयगितष्यल बलम धभ धर्षी यखभचतभचल च्गककष्ब० उक्त तथ्यहरूलाई मध्यनजरमा राखेर लेनिनले सर्वहारावर्गको क्रान्तिकारी पार्टीको निर्माणार्थ कठोर संघर्ष र मेहनत गर्नुभयो र बोल्सेविक पार्टीको निर्माण गर्नुभयो र त्यही पार्टीको नेतृत्वमा रुसमा समाजवादी क्रान्तिको विजय भयो र पहिलो समाजवादी राज्यको संस्थापना भयो ।

आफ्नो राजनीतिक जीवनको सुरुका वर्षहरूदेखि नै लेनिन क्रान्तिकारी मार्क्सवादका दृढ तथा सुसंगत समर्थक रहेका थिए । रुसमा क्रान्तिकारी मार्क्सवादलाई मजदुर आन्दोलनमा स्थापित गर्न र त्यसलाई मजदुर आन्दोलनसित एकजुट पार्ने प्रक्रियामा लेनिनले नेतृत्वकारी भूमिका खेले । आफ्नो समयमा अन्तराष्ट्रिय र रुसी मजदुर आन्दोलन भित्र देखापरेको गैर-सर्वहारा विचारहरूको विरुद्ध, मार्क्सवादको क्रान्तिकारी सारतत्वबाट भएका विभिन्न खालका विचलनहरूको विरुद्ध उदाहरणार्थ, अर्थवाद, सुधारवाद, संशोधनवाद, विर्सजनवाद, रुढीवाद, 'वामपन्थी' अवसरवाद, आदिको विरुद्ध सिद्धान्तको आधारबाट अविचल र सम्झौताहीन ढंगले उनले संघर्ष चलाए । खास रूपले दास्रो इन्टरनेशनलको नेतृत्वद्वारा अनुसरित दक्षिणपंथी-अवसरवादी नीतिहरूको विरुद्ध र त्यस्तै जडसूत्रवाद तथा सारसंग्रहवादको विरुद्ध जोडदार रूपमा संघर्ष गरे । आफ्ना सारा सैद्धान्तिक, व्यावहारिक र सांगठनिक क्रियाकलापमा उनले मार्क्सवादलाई सुधारवाद र संशोधनवादको दलदलमा भासिनबाट र साथै जडसूत्रको संग्रहमा फेरिनबाट जोगाएर त्यसका क्रान्तिकारी सिद्धान्तहरूको संरक्षण गरे । त्यसका साथै उक्त संघर्षको क्रममा उनले मार्क्सवादका अभिन्न घटक रहेका तीनवटै क्षेत्र, अर्थात दर्शन, अर्थशास्त्र र वैज्ञानिक समाजवादलाई विकसित तथा समृद्ध पारे र त्यसरी मार्क्सवादलाई नयाँ चरणमा, लेनिनवादी चरणमा उठाए । लेनिनवाद उन्नाइसौं शताब्दीको आखिरीमा बीसौं शताब्दीको शुरुदेखि प्रादुर्भाव भएको एक नयाँ ऐतिहासिक अवधिको, साम्राज्यवाद र सर्वहारा क्रान्तिहरूको युगको मार्क्सवाद हो ।

विश्व क्रान्तिको अग्रगतिको पक्षमा र मार्क्सवादको सैद्धान्तिक भण्डारको समृद्धीकरणमा लेनिनका योगदानहरू विशाल, विस्तृत र महत्वपूर्ण छन् । उनका सैद्धान्तिक कृतिहरू विचारका समृद्ध खानी हुन् र ती मानवजातिको मुक्ति संघर्षको बाटोलाई आलोकित गर्ने ज्योति हुन् । मानवजातिको मुक्ति लक्ष्यमा समर्पित उनका जीवन र क्रियाकलाप सुखी तथा समृद्ध भविष्यको लागि, वर्गहीन, कम्युनिष्ट समाजको लागि लडिरहेका आम श्रमिक जनताका लागि प्रेरणा र हौसलाका अजस स्रोत हुन् ।

लेनिन नयाँ युगका नयाँ नेताहरूमा एक थिए र उनी सर्वहारावर्गका सच्चा योग्य तथा महान् नेताको वडो उत्कृष्ट दृष्टान्त रहेका छन् । ठोस, वस्तुगत यथार्थताको ठीकसित मूल्यांकन गर्नसक्ने र त्यसको विश्लेषणको आधारमा सही नीति तय गर्नसक्ने क्षमता, मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्नसक्ने अद्वितीय सामर्थ्य, संशोधनवाद तथा अवसरवादप्रति दृढ, सम्झौताहीन विरोध, हरपरिस्थितिमा सही अडान र निर्णय लिनसक्ने क्षमता सारा सकारात्मक तत्वहरूको उपयोग गर्नसक्ने सामर्थ्य, श्रमको मुक्तिलक्ष्यमा समर्पित एकाग्रता, आदि-लेनिनको चरित्रका विशिष्ट गुणहरू पनि त्यत्तिकै महान् तथा महत्वपूर्ण छन् । श्रमिक जनता र श्रमप्रति महान् प्यार, जनताप्रति असिम विश्वास, आत्म-त्याग र आत्म-बलिदान गर्ने अद्वितीय क्षमता, सरलता तगथा विनम्रता 'सत्यजतिकै सरल' कमरेडहरूप्रति ठूलो सहानुभूतिपूर्ण व्यवहार, जन शत्रुहरूप्रति कठोर तथा सम्झौताहीन दृष्टिकोण, सादा जीवन र उच्च विचारको उत्कृष्ट रूप, अपार महानुभावना, निष्कपटता, नैतिक सच्चरित्रता, बलियो संकल्प शक्ति आदि-लेनिनको चरित्रका उक्त गुणहरूले नयाँ युगका नयाँ मानिसको परिपूर्ण नमूनाको रूपमा उनलाई दर्शाएका छन् । उनी भावी समाजका, कम्युनिष्ट समाजका मानिसको आदर्शको रूपमा स्थापित भएका छन् ।

लेनिन संसारभरका सर्वहारावर्ग र अन्य श्रमजीवीहरूका एक अत्याधिक प्रिय व्यक्ति रहेका छन्, र तिनीहरूको दिलमा उनीप्रति असीम सम्मान र श्रद्धा रहेको छ तर उनी संसारभरका साम्राज्यवादी, पूँजीवादी तथा प्रतिक्रियावादीद्वारा सबभन्दा निन्दित तथा घृणा गरिएको ऐतिहासिक पात्र रहेर आएको छन् । आफ्नो समयमा उनी सारा पुँजीपतिवर्ग र दक्षिणपन्थी तत्वको निन्दा र बदनामीको पात्र रहेका थिए र अहिले पनि उनको नाउँ र विचार त्यस्ता तत्वहरूको आँखाको बिभेको काँडा सरह रहेको छ । कारण स्पष्ट छ : मानवजातिको इतिहासमा समाजवादतर्फ संक्रमणको युगको सूत्रपात गर्ने महान रुसी क्रान्तिका उनी महान नेता तथा संचालक रहेका थिए र उनको मृत्युको लामो समय पछि पनि उनका नाउँ, जीवन र विचार शोषण र उत्पीडनबाट मुक्तिका लागि लडिरहेका करोडौं करोड जनताको लागि प्रेरणा, हौसला र निर्देशनको स्रोत रहेका छन् । खास गरेर उनका सैद्धान्तिक विचारहरू उनीहरूको संघर्षको बाटोलाई आलेकित गर्ने दीपशीखा रहेका छन् । साम्राज्यवादी र प्रतिक्रियावादीहरू लेनिनलाई बदनाम गर्न र उनको नाउँलाई मिटाउन आज पनि भरपुर षड्यन्त्र र कार्यरतापूर्ण प्रयास गरिरहेका छन् । तर त्यो उनीहरूको निरर्थक प्रयास मात्र हो किनभने विश्वका श्रमजीवी जनताहरूको दिलमा गहिरोसित अंकित रहेको उनको नाउँ र तस्बीर कदापी मिटाउन सकिंदैन ।

लेनिनका काम र विचारहरू आज पनि त्यतिकै महत्वपूर्ण छन्, जाति पहिले रहेका थिए र ती लामो भविष्यका लागि पनि महत्वपूर्ण पनि महत्वपूर्ण रहने छन् । अक्टोबर क्रान्तिको सूत्रपात गरेको समाजवादर्फ मानवजातिको संक्रमणको प्रक्रिया चलिरहेको छ, लेनिन त्यसका सूत्रधार थिए र लेनिन थालनी मात्र थिए । उक्त क्रान्तिले उद्घाटन गरेको युगमा नै हामी छौं, जसलाई लेनिनको युग पनि भन्ने गरिएको छ । मानवजातिको इतिहासले उक्त क्रान्तिमार्फत एउटा नयाँ अध्याय, एउटा गौरवशाली र सुनौला अध्याय शुरु गरेको छ र मुक्तिको लागि लडिरहेको मानवजातिले कठोर संघर्ष र महान त्याग र बलिदानद्धारा त्यसमा पानाहरू थपिएको छ र त्यसको अन्त्य नभएसम्म थप्दै जानेछ । त्यही संघर्षमा लेनिन र उनका काम तथा विचारहरू जारी रहन्छ र रहनेछन् ।

१९३१ मा लेनिनको सम्बन्धमा जार्ज बर्नार्ड शाले व्यक्त गरेको निम्न विचारहरू ध्यान योग्य छन् :

'लेनिन निधन भइरहेकोले लेनिनको महत्व, लेनिनको ठूलो महत्व अतीतको चीज हो भनेर तपाईहरूले ठान्नु हुँदैन । हामीले भविष्यतर्फ हेर्नु पर्छ । भविष्यको लागि उनको कस्तो महत्व रहेको छ त ? उनको महत्व यस्तो छ यदि त्यो प्रयोग- जुन प्रयोग लेनिनले गरे, जुन प्रयोगका उनी प्रधान थिए, जुन प्रयोगको उनी हाम्रो लागि प्रतिनिधित्व गर्छन् । यदि सामाजिक संगठनमा गरेको उक्त प्रयोग असफल हुन्छ भने प्रतिनिधित्व गर्छन-तब सग्यताको पतन हुन्छ, जसरी कि पहिले व्यक्तिका सभ्यताकहरू असफल भएका छन् ।

'अब, लनिनले असफलतालाई हटाउने तरिकाको संगठन गरेका छन् । यदि उनको प्रयोगलाई अन्त्यसम्म बढाउने गरिन्छ भने, यदि अन्य मुलुकहरू उनको दृष्टान्तको अनुसरण गर्छन् र उनको शिक्षाको पालना गर्छन भने, यदि उक्त महान कम्युनिष्ट प्रयोग सारा संसारमा फैलिन्छ भने, हामीले इतिहासमा एउटा नयाँ युग पाउनेछौ । हामीले पहिले भएको जस्तो पतन र असफलता फेरी शुरुआत, दुखपूर्ण अन्त्यतर्फ लाने सम्पूर्ण दुखपूर्ण कथा देख्नेछैनौं । हामीले मानव इतिहासमा एउटा युग पाउँनेछौं, जसबारे अहिले हामी धारणा बनाउन सक्दैनौं ।'

'हाम्रो लागि लेनिनको अर्थ त्यही हो । ाभलष्ल ष्ल उचयाषभि पृष्ठ १९२-३ बाट उद्धत । लेनिनको नाउँ र कामहरू मानवजातिको इतिहासको एउटा अभिन्न अंग बनेका छन् । कम्युनिष्ट क्रान्तिका अत्याधिक सशक्त तथा दरो ध्वजाहकको रूपमा उनी सो इतिहासमा स्थापित छन् । उनका सैद्धान्तिक कृतिहरू मार्क्सवादको वैचारिक शस्त्रासागरका अति बहुमूल्य खजना हुन्, ज्ञानका विशाल खानी हुन् । उक्त कृतिहरू वर्तमान समयमा र भविष्यमा मानवजातिको मुक्ति संघर्षमा सफलता तथा विजयको ढोका, नयाँ भविष्यको ढोका खोल्ने सुनौलो साँचोको रूपमा रहेन छन् । लेनिनको नाम र उनका काम तथा विचारहरू युगौंयुगसम्म बाँचिरहनेछन् ।

## सामाजिक सञ्जाल



*चुनावको शुरुवात हुनु अगावै सत्ताधारी माकेले पुराना भ्रष्ट नेताहरू सबैलाई उछिन्दै देशभर पैसा र भोजभतेरको खोलो बगाउन थालेछ ! माओवादको खाओवादमा पतन ? –* ***बाबुराम भट्टराई***



*तिमीले जनयुद्धको लाइन छाडेपनि जनयुद्धले तिमीलाई आजीवन छाड्ने छैन । हेर बालकृष्ण ढुंगेललाई हेर ! बालकृष्ण ढुंगेल हुन/बनाइनबाट तिमी बँच्न सक्छौ ? विशेषगरी संसदवादी माओवादीहरूले बुझ्नुपर्ने/महसुस गर्नुपर्ने कुरो । –* ***इन्द्र राउत***



*मधेसमा अलग रास्ट्रको आवाज उठिरहेको बेला वर्तमान सरकारले स्थानीय तहको निर्वाचन पहाड र मधेस छुट्टाएर दुई चरणमा गराउने निर्णयले कतै अलग रास्ट्रको मुद्दालाई नै स्थापित त गराउदैन? यसमा क्रान्तिकारी र देशभक्तहरू सचेत हौं है! –* ***कुमार बोगटी***



*भारतिय पूर्ब राजदुत केभी राजन काठमाण्डौ छिरे लगत्तै सरकार मधेशबादी समुहबिच सहमती भएको छ। यी सबैको मालिक दिल्ली नै हो र दिल्लीको अन्तिम निर्णय पर्खदै दिन काटिरहेका सत्ताधारी र मधेशबादीहरू मालिकको आदेश बमोजिम यो सहमतिको नौटङ्की मंचन गर्न पुगेका हुन। यसले राष्ट्रीय स्वाधिनतामाथिको खतरा अरु बढाइदिएको छ। र, यो चुनाबी नौट्ङ्किभित्रको रहष्य उजागर गरिदिएको छ। –* ***खम्बु चन्द***



*"मधेसी जनता ईमानदार र देशभक्त छन तर मधेसी नेताहरू भारतीय दलाल हुन " भनेहरूले ती ईमानदार र देशभक्त जनतालाई बिश्वास गर्दै तिनका माग सम्बोधन गरेर दूलाललाई बिस्थापित गर्ने आँट किन गर्दैन ? कि मधेसी नेतालाई दलाल देखाएर मधेसमाथि शासन गर्ने भित्री मनसाय छन कि ! यदि त्यसो हो भने तिमले नै मधेसमा दलाललाई स्थापित गर्दैछौ ।–* ***यादव शिवराम***



*चुनाव प्रयोजनको लागी छापिएको मतपत्र विद्यालयका विद्यार्थीहरूलाई वाडिदिउ, त्यहि चुनाव चिन्ह हेर्छन, कुन पार्टीको भनेर अध्ययन गर्छन ।*

*किताव पढन त अझै १० महिना पर्खनु पर्ने भो ।*

*सर्वसाधारण जनताका छोराछोरीहरूले पढन नपाउने तिम्रो कथित लोकतन्त्र- मूर्दावाद । –* ***मनोज श्रेष्ठ***



माओवादी आन्दोलनमा नामको अगाडि या पछाडि फुर्काफुर्की जोड्ने र पूरै माओवादी फाल्नु यो दुवै विचलन हो । नाम केवल काम काजी नाम मात्रै हुँदै, त्यो नामसँग विचार, दर्शन, संगठन र जनताका अधिकार जोडिएका हुन् । – ***फडिन्द्र कार्की***


## घर टहरा तथा अन्य संरचना हटाउने बारेमा सार्वजनिक सूचना

यस आयोजनाअन्तर्गत कि.मि. ००० बुद्धचोक, हेटौंडा-चुच्चे खोला-गौरीगाउँ, नुनडाँडा, शिखरकटेरी-जितपुर-सिमात-ठिगतबजार-बगुवा-कालचेभिर-छपेली-नयाँवस्ती-तीनपाते हुँदै कि.मि. ७९००० टीकाभैरवसम्मको सडक खण्डमा सडक विस्तार तथा सुधारको लागि ठेक्कापटाच भई सडक चौडा तथा सुधार गर्ने कार्यहरू भैरहेकोले उक्त सडकको सडक सीमा सडक केन्द्र रेखाबाट दायाँ-बायाँ दुवैतर्फ १५, १५ मिटर रहेकोले सो सीमाभित्र परेका घर र टहरा तथा अन्य संरचना अविलम्ब हटाई सडक निर्माण कार्यमा सहयोग पुर्‍याई दिनु हुन तथा उक्त स्थानमा कुनै किसिमका नयाँ निर्माण नगर्न नगराउन हुन सबै सर्वसाधारणमा कान्ति लोकपथ सडक आयोजना हार्दिक अपिल गर्दछ । उक्त संरचनाहरूसँग सम्बन्धित सरोकार वालाहरूबाट संरचना समयमै हटाउन अटेर वा बेवास्ता गरिएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार यस योजनाबाटै हटाइने र उक्त कार्य गर्दा हुन सक्ने सम्पूर्ण असरहरूको जिम्मेवारी सरोकारवालाहरू स्वयंले लिनुपर्ने तथा उक्त कार्य गर्दा लागेको खर्चसमेत सम्बन्धित सरोकारवालाहरूबाट नै असुल उपर गर्न सकिने समेतको व्यहोरा यसै सूचनाबाट जानकारी गराई ।

**नेपाल सरकार**

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**सडक विभाग, मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय**

**कान्ति लोकपथ सडक आयोजना**

**कुपण्डोल, ललितपुर**

# बाठा मच्छडहरू

पत्रात्मक कथा

❑ नन्दलाल आचार्य



**सबै वर्ग र समुदायका कुनै न कुनै संगठनहरू छन् । हाम्रो पनि संगठन छ तर अझै पूरातन विचारधारा र दासमनोवृत्तिले युक्त छ ।**

*प्रिय मित्र भुनेश्वर,*
*वाल्यसखाको न्यानो सम्झना !*

म यहाँ सुखी र खुशी छु । त्यहाँ तिमी पनि कुसल मङ्गल छौ भन्ने कुरामा आशावादी छु । यो लक्ष्मणेले किन चिठी लेखेछ भनौला । एउटा विशेष कामले नै चिठी लेख्न बसेको हुँ । त्यो विशेष कामका वारेमा अहिले नै बताइहालेँ भने ममाथि अन्याय हुनेछ, मेरो अन्तस्करणमा खलल पुग्नेछ भन्ने पक्का छ । अतः पहिले कुरा सुन, त्यसपछि तिम्रो जे विचार होला त्यसै गरौला, हुन्न ? म त कालो अक्षर भैँसी बराबर हुँ । म के यी चिठीका तानाबुना बुन्न सक्थेँ र ! प्रौढशिक्षा पढेर जानेका दुईचार अक्षर जोडजाड पार्दै थिएँ, मेरो हिसाबले चाहिँ लगभग टुङ्ग्याउनै लागेको थिएँ । तिम्री सहरमा बस्ने बहिनी गरिमा छिन् नि । हो, तिनैलाई राम्ररी लेखिदेऊ भनेर लेख्न लगाएको हुँ । उनी पनि तिमीजस्तै फरासिली रहिछन् । उनीसँग एक डोको कुराकानी भए । ती सम्पूर्ण कुराहरू उल्लेख गर्दा मेरो भूमिका पूरा हुन्छ । त्यसपछि भने तिमी अवश्य मेरो आकांक्षालाई कदर गर्नेछौ भन्ने मलाई लाग्दछ ।

यतिखेर परिवर्तनको आभाष जताततै छ । सबै वर्ग र समुदायका कुनै न कुनै संगठनहरू छन् । हाम्रो पनि संगठन छ तर अझै पूरातन विचारधारा र दासमनोवृत्तिले युक्त छ । हो, म पनि त्यही मनोवृत्तिले ग्रसितमध्येको एक हुँ । तर कत्ति दिनसम्म हजुर, हजुर र ज्यू, ज्यू गर्ने ? कम्तिमा आफ्नो हकअधिकार वारे त सचेत बनौँ भन्ने विचार मनमा केलाइरहेको थिएँ । एउटा विचार मनमा आयो र त्यही विचार तिमीलाई बाँडूँ, राय सल्लाह लिऊँ, सहयोग एवं सद्भाव पनि बटुलूँ भनेर चिठी लेख्न बसेको हुँ । कुरा कताबाट सुरू गरौँ भनेर अलमलाई रहेको छु ।

बहिनीसँगका वातचितका प्रसङ्गबाट नै कुराकानी अघि बढाउँछु । मेरो हातमा बाँसका चोया देखेर, नजिकै तयारी अवस्थाका कोनिया, पङ्खा, ढाकी, नाङ्लो, ठेक (भकारीजस्तो), बेदही (बिरूवा घेर्ने वस्तु), चाल्नी आदित्यादि देखेर उनी छक्क परिन् र म धनी भएको जिकिर गरिन् । कुरैकुराका क्रमका उनले लामो कुरा गरिन् ।

"यत्ति धनी भएर पनि कस्तो दरिद्रता झल्काउनुभएको तपाईँहरूले ! म सानी छँदा यहाँ खरको झुप्रो थियो । चारैतिर फोहोरै फोहोर मात्र थियो । कतै मन अड्याउने ठाउँ नै थिएन । अहिले परिवर्तन त देखिरहेकी छु । टिनको छानो खडा भएछ । छेउछाउमा बोटबिरूवा हुर्केछन् । सिँगाने बालबच्चाहरू हातमा मोवाइल नलिइकन सुँगुर चराउन नजाने भएछन् । कुरा गराइमा पनि परिवर्तन भएछ । तर सफासुग्घर रहनुपर्छ भन्ने विचार चाहिँ ल्याउन भुसुक्कै विर्सेछन् । राम्रा काम गर्ने संस्कार पक्रिएछन् यो डोम समाजले भनेको त । मूल कुरामा चाहिँ उही पुरानै चलन रहेछ । आखिरमा यो डोम समाज किन अघि नबढेको ?" उनलाई बोल्न दिइराख्ने भए त उनी केके बोल्थिन कुन्नि ? मैले मनका कुरा उनलाई नबुझाइकन भएन भनी बुझाउन थालेँ, "हेर नानी, जसले जे देख्छ, त्यसले त्यही भन्दछ । परिवर्तन जुन दिशामा भइराखेको छ, त्यसले अनिष्ट त निम्त्याएको छैन तर सकारात्मक दिशावोध गराउन भने सकेको छैन । पढेर परिवर्तन हुनुपर्नेमा यहाँ हामीभैँ परेर संसार थाम्न खोजिँदै छ । आम्दानी चाराना छ तर खर्च भने बाराना छ । बचतमा कसैको रूचि छैन । आज गोजीमा ढौवा छ भने मज्जाले दारूपानी र जुवातास चल्यो । ढौवा रित्तियो कि हत्त न पत्त उधारोमा बाँस ल्यायो र सामग्री बनाउन थाल्यो । भोलिको दिनको लागि चिन्ता नहुनु हाम्रो ठूलो कमजोरी देखिरहेको छु ।"

मेरा कुराले उनी केही उत्साहित भइन् र मलाई नै व्यंग्य गर्दै भन्न थालिन्-"तपाईँ कुरा बुझ्ने मान्छे पर्नुभएछ । धन कमाउने निक्कै उपाय र आधार देख्छु । अनि जताततै किन फोहोर तपाईँको घरमा ? किन सुँगुर र मान्छे बस्ने एउटै घर ? छोराछोरीलाई किन नपढाएको, किन जागिर खान घर बाहिर नपठाएको ? किन तपाईँको समाजमा यत्ति विघ्न झैँझगडा र कोलाहल ? थोरैमा पनि मान्छे सुखी भएका छन्, खुसी रहेका छन् । तर यहाँ भने मन नै हराएझैँ लाग्छ ।"

एकाएक प्रश्नमाथि प्रश्न तेर्सिए । कतिपय प्रश्नले मन छोए । कतिपयले मेरो सुद्धि र बुद्धिमा नै बिक्रो लगाइदिने काम गरे । जवाफ नदिइकन पनि हुन्नथ्यो । दिनै पर्यो । शिवचरणको पोता (नाती) भएकोमा अहिले भने लज्जित बोध भयो । उनको सप्तरीको पूर्वी भागमा २२ विघा जमिन थियो रे । उनी बेला बेलामा विशाल भोजको आयोजना गर्थे रे । त्यस भोजमा सुनसरी, मोरंग, उदयपुर, सिराहा, धनुषाका डोमहरू आमन्त्रित हुन्थे रे । भोज पनि हप्ता दिनसम्म चल्थ्यो रे । भोज खानका निम्ति निम्तालुहरू सुँगुर सहित आउँथे रे । एक पटकको भोजमा निम्तालुका सुँगुरले छिमेकी गेना मडरको ८ विघा जग्गाको अन्नबाली नष्ट गरिदिएछन् । त्यस बेला गेना रिसले मुर्मुरिँदै कुर्लिएछन्-"हौ शिवचरण ! तोहर पाहुनासभक सुग्गरसभसँ नास केलाह अन्नबालीक हर्जना तिर । नै त ठीक नै हेतै ।" (ए शिवचरण ! तेरा पाहुनाका सुँगुरले नष्ट पारेको अन्नबालीको अर्मल तिर् । नत्र ठीक हुने छैन ।) त्यस बेला मेरा हजुरबाले पनि पाखुरी सुर्कँदै भनेछन्-"देखियौ गेना मडरजी ! ई सामाजिक आ सांस्कृतिक चलन छियैक । हमरासभक सुग्गर बाली नास केनै अछि त भोजके आयोजना करू । तखन अहाँक पाहुनासभक घोडा, बरदसभ किया हमरा बाली नास केलक कहिक हम एक शब्द नहि पुछब । हम यतैक बुझै छी ।"(हेर्नुस् गेना मडरज्यू ! यो सामाजिक र सांस्कृतिक चलन हो । हाम्रा सुँगुरले बाली नष्ट गरेकै हुन् त भोजको आयोजना गर्नुस् । त्यसबेला तपाईँका पाहुनाका घोडा, गोरूले किन मेरो बाली नष्ट पारे भनेर म एक शब्द पनि भन्दिनँ । म यत्ति मात्र जान्दछु ।") त्यसपछि गेनाले पनि भोजको आयोजना गरेछन् । त्यसबेला हाम्रो हजुरबाको १२ विघा बाली नष्ट भएको थियो रे । यसरी तैँ चुप मै चुप भएछन् । यसको अर्थ हामी धन नभएका मान्छे होइनौँ । अचाहिँदो मन भएका मान्छे भने अवश्य हौँ ।

अर्को कुरा, सफासुग्घर रहने मन कसलाई हुन्न र ? हामी पनि मनुष्य नै हौँ । मन त सबैको एक नासकै हुन्छ । वाध्यता पनि उस्तै उस्तै हुनसक्छन् तर ती सब जीवन चलाउनका लागि । मैले भने-"गरिमा नानी ! हामीझैँ समाजबाट बहिष्कृत भयौ भने तिमी पनि फोहोरी नै हुन्छ्यौ र देखिन्छ्यौ । हामी कत्रो अन्यायलाई मुटुभित्र दबाएर बाँचेका छौँ, त्यो त हामीलाई नै थाहा छ । यो छुत समाजले हामीलाई अछुत भन्छ । हामीले गाउँ बाहिर बस्नुपर्छ । हाम्रा केटाकेटीले उनीहरूका केटाकेटीसँग हाँसखेल गर्न सख्त मनाही छ । नयाँ सोच जन्माउन पनि असल संगत चाहिन्छ । त्यस्तो संगत हामीले कहिल्यै पाएनौँ । हामी प्रति समाज कहिल्यै उदार भएन । हामी जन्मदै कुठाराघात लिएर जन्मियौँ । दासमनोवृत्तिलाई हुर्कायौँ । आजसम्म हरेक समाजका मनमस्तिष्कमा हामी एक सदस्य हैन एक अभिसाप सावित भएका छौँ । पछि बस्नुपर्दो रहेछ भन्ने व्याकरण मात्र हामीले घोक्यौँ, घोकिरहेकै छौँ । कत्तिञ्जेल धोक्नुपर्ने त्यो भने अज्ञात छ । त्यही अज्ञातलाई ज्ञातमा बदल्ने अभियानमा म लागेको छु ।"

मित्र भुनेश्वर, मैले स्कूलको मुख देखिनँ । छोराछोरीलाई पठाएकै हुँ । दुईचार दिन गए । फेरि जान बन्द गरेँ । कर गरेँ तर मानेनन् । बरू सरक्क सुँगुर चराउन जान थाले, कोही चारो खोज्नतिर लाग्न थाले । एकएक वटा लगनी पक्रेकोमा खुशी लाग्यो । हामी पतिपत्नीले पनि ढुक्कले यिनै बाँसका चोयासँग लाप्पा खेल्न पाउने प्रसस्त समय पायौँ । दुईचार पैसा भए पनि आम्दानी बढ्न थाल्यो । 'पढीगुनी के काम हलो जोती खायो माम' भन्ने उखान हाम्रै लागि बनेको रहेछ भन्ठानेर चुपचाप बसेँ । पछि पो थाहा पाएँ । मेरा नानीहरूलाई माष्टरहरू नै भेदभाव गर्दा रहेछन् । सुँगुर चराउने जातले पढ्न खोज्नु भनेको सरस्वतीलाई रूष्ट पार्नु हो, लक्ष्मीलाई लत्याउनु हो भन्दा रहेछन् । यसखाले हेपाहा प्रवृत्तिलाई पचाउन नसकेर नानीहरूले स्कूल छाडेका रहेछन् । त्यस बेला मेरो मन कस्तो भयो होला ! तिमी आफैँ महसुस गर्न सक्छौ । अरू के भनूँ र ! झगडाको कुरामा चाहिँ म पनि हैरान छु । यहाँ पनि म त समाजको हात नै देख्छु । जहानपरिवारले कसैको संगत गर्न पाएनन् । बनिबुतोमा जाँदा पनि खुरूखुरू काम गर्यो, बनी लियो फर्कियो । हामीसँग धेरै बोलचाल गरेमा नरककै वास होलाझैँ गर्छन् । अनि जे जति कुरा हुन्छन्, आ-आफूमै सीमित हुन्छन् । झगडाको मुख्य कारण सुझबुझको कमी नै हो । यी गन्थनका प्रसङ्गलाई यहीँ विश्राम दिँदै अब भने मूल मुद्दामा प्रवेश गर्न खोज्दै छु ।

प्रिय मित्र भुनेश्वर, हप्ता दिन अघि गाविसमा गाउँसभा थियो । सबै डाकिए, मलाई कसैले वास्ता गरेन । दलितका कुरा आउँदा पनि निर्णय गर्ने आफैँ र पेट भर्ने पनि आफैँ गर्ने गरेको कुरा थाहा पाएँ । हाम्रो जातीको नाम बेचेर किन पैसा कुम्ल्याउँछौ भनेको त मैले मुखभरिको जवाफ भेट्टाएँ । सबैले एक मतका साथ मलाई वाक्युद्धमा पराजित गरे तर म मानसिक युद्धबाट भने पराजित भएको छैन । कुरा सुन्न चाहान्छौ, भुनेश्वर ? तिमीले पनि सुन्नैपर्छ । सुन्न सक्यौ भने मात्र तिमी मेरो विचारसँग निकट हुनसक्छौ ।

त्यस वेला सबै मिलेर मलाई उल्लीबिल्ली पारे । सभ्य मेरो छिमेकी आनन्देले ठूलै स्वरमा भन्यो-"के बुझैछी रै लक्ष्मणमा, तोरा राजनीति के सिखेलकौ ? तोरा भाँतीभाँतिके गन्थन कक आखिरमे कि भेटतौ ? चुपचाप जी, जी कक रही न ।" (के ठान्छस् ए लक्ष्मणे, तँलाई राजनीति कसले सिकायो ? तँ नानाभाँतिका गन्थन गरेर आखिरमा के पाउँछस् । चुपचाप हजुर, हजुर भनेर बस् न ।)

अर्को घनश्याम कुर्लियो- "अपन औकातसँ उपर उठैलासभ हरदम खसले अछि । तौँ किया आफतमे परैल चाहैछ ? दलित वस्तीमे खानेपानी'क व्यवस्था केलगेल अछि । बच्चासभके पढैल स्कूलौँके दरबज्जा खुल्ले छोडल अछि । आब कि ताकै छी, लक्ष्मणमा ?" (आफ्नो औकातभन्दा माथि उठ्नेहरू सधैँ लडेका छन् । तँ पनि किन भड्खारामा पर्न चाहन्छस् ? दलित वस्तीमा खानेपानीको व्यवस्था गरिदिएकै छ । बच्चाहरूलाई पढ्न स्कूलको ढोका खुल्ला छाडेकै छ । अब के खोज्छस्, लक्ष्मणे ?)

पुराना विचारका धुथर बूढाले समेत नयाँ कुरा गरे-"रौ लक्ष्मणमा ! दलित विकासक लेल आएल बजेट जगहजगहमे लगाए देने अछि । तोहर परिवारक बरतनमेँ चाउर राखिदैल सरकारी बजेट अलग केनै नहि अछि ।" (अरे लक्ष्मणे ! दलित विकासका लागि आएको बजेट ठाउँठाउँमा लगाइदिएकै छ । तेरो परिवारको भाँडोमा चामल हालिदिन भनेर सरकारी बजेट छुट्याएको पनि त होइन ।)

युवा नेता कहलिएको हरिचनले अझ कड्किँदै भन्यो-"बेसी नहि बुझैबलाके बकबक केनाई मनासिव नहि होइछै । चुपचाप अपन काज करैल, निकनिमन खाइल आ देह झापैल व्यवस्था होइके स्थितिक हमसभ सिर्जना कैयैदेने छी । गाउँबासीसभक काज केनाई, गाउँबासीसभके खुशी बनेनाई आ आनन्दसँ रहनाईमे मात्रे तोरासभके जय छौ, बुझलिही लक्ष्मणमा !" (धेरै नबुझ्नेले बकबक गर्नु मनासिव छैन । खुरूखुर आ-आफ्नो कर्म गर्न, मीठोमसिनो खान, आंग ढाक्ने व्यवस्था हुने स्थिति हामीले सिर्जना गरिदिएकै छ । गाउँलेको काम गर्नु, गाउँलेलाई रिझाउनु र आनन्दले रहनुमै तिमेरूको जय छ, बुझिस् लक्ष्मणे !)

त्यत्रा गाउँलेले मान्दै आएका अशोक माष्टरले समेत मेरो मनमा आँधी ल्याउने कुरा गरे-"लक्ष्मणमा ! दोसरके बहकाउमे लागलिही आ दलित उत्थान कहिक छुतक सोच विपरीतक कोनो काज केलहि त तोरा टिकट ई गाँमसँ मात्रे नहि ई जगहेसँ कैट जेतौ ।" (लक्ष्मणे ! अर्काको बहकाउमा लागिस् र दलित उत्थान भन्दै छुतको सोच विपरीतका कुनै काम गरिस् कि तेरो टिकट यो गाउँबाट मात्र होइन यस ठाउँबाटै कट्छ ।)

लौ भन त भुनेश्वर, मेरो भाँडामा छिमेकी भनाउँदा ती अशोकेहरूले दालचामल त हालिदिएका छैन नि । म र मेरो परिवारको इज्जत ढाक्न कपडा किनेर दिएका त छैन नि । बरू उल्टै मानसिक दबाब दिएर बाँच्न बाध्य पारेका छन् । मलाई मात्र हैन पूरै दलित वर्गलाई मान्छे नै नगन्ने सोच हो यो । के म गलत भन्दै छु ? हामीले काम नगर्दिने हो भने तिनीहरू भोकभोकै पर्ने थिए । हलो जोत्छन् श्रमजीविहरू, पेट भर्छन् अशोकेहरू । 'दूध दिने गाईको लात पनि सहनुपर्छ' भन्ने उखान व्यर्थमै बनाइएको रहेछ । भन त, यी मान्छेहरू कत्तिसम्म अत्याचार गर्छन् ? मैले बनाएको कोनिया, ढाकी पूजाआजामा नभई हुन्न तर म भने मन्दिर पस्न पाउँदिन । मैले लगेको, फूलप्रसाद भगवान्लाई चल्दैन रे । यी धर्मका ठेकेदार र भगवान्का पीए भनाउँदाहरूले आफूलाई ठूलो बनाउन कत्रो जाल रचेका छन्, भ्रमको खेती लगाएका छन् ।

हेर भुनेश्वर ! भगवान् मेरा पनि हुन् । मैले पनि फोटा ल्याएर घरमा टाँसेको छु । नुहाईधुवाई सफासुग्घर बनेर विहान बेलुका पूजाआजा गर्छु । खै, मसँग देवता बेखुशी भएका छैनन् त ! ट्वाइलेट सफा गर्ने काम हामीबाट गराउँछन् । उचित पारिश्रमिक दिने बेलामा भने दाँतबाट पसिना चुहाउँछन् र सामलखाजा लिएर दलाली गर्न बस्छन् । हामीले हजुर, हजुर भने पनि अशोकेहरू तँ, तँ र म, म भन्न छाड्दैनन् । आखिरमा हामीलाई किन मान्छे गन्दैनन् ? हरेक काममा हामीलाई सरिक गराउने तर समाजको एक अभिन्न अङ्गको रूपमा स्विकार्न नसक्ने यी मान्छेलाई निमकहराम नभनेर के भन्ने त ?

भुनेश्वर, तिमी मान या नमान । समाजका यी घिनौला कर्तुतहरूको पर्दाफास गर्न मैले अहिले कम्मर नकसे पछिल्ला पुस्ताले मलाई सराप्छन् । मेरो मनपेट दिएँ तिमीलाई । हुन त मैले पनि तिम्रो मनपेट छामेको छु । तिम्रो हृदयको भावना बुझेको छु । तर अहिले तिमी परिवर्तन भयौ कि भन्ने त्रास मनमा छँदै छ । अब भने म आखिरी कुरा भन्दै छु । आउँदो स्थानीय चुनावमा म एक बागी उम्मेद्वार हुनेछु । राजनीतिका नाममा जनता ठग्ने दलहरूले मलाई टिकट दिने होइनन्, दिए पनि म लिने होइन । त्यस वेला तिमीले मलाई चुनावमा सहयोग गर्नुपर्छ । हामी दलितलाई पनि समाजमा मान्छे भएर बाँच्ने हैसियत दिलाउनुपर्छ । मेरा केही शुभेच्छुक मित्रहरू दिलोज्यानले सहयोग गरिरहेका छन् । म यी समाजका बाठा मच्छडहरूलाई तह लगाउन चाहन्छु । 'लक्ष्मणमाके ई सभ बकबास गन्थनसँ माथ दुखैलो ।' (लक्ष्मणेका यी बकवास गन्थनले टाउको दुखायो ।) तिम्रो मुखबाट यस्तो वाक्य निस्केला कि भन्ने त्रास पनि छ ।

ल त मित्र, अब भने मैले मन रित्याएँ । जे गर्छौ, त्यो तिम्रो खुशी र जे भन्छौ त्यो सुन्ने मेरो काम हुनेछ तर प्रतिक्रिया पाउन भने ढिलो नहोस् भन्दै पत्रान्त गरेँ । धन्यवाद !


०६८।०६।१२ आइतबार

*nandalalacharya@gmail.com*

## कविता

# अस्वीकार

*(सिरहाका चमारजातिले सिनो फाल्न अस्वीकार गरेपछि)*



**कृष्ण सेन 'इच्छुक'**

उठ् भन्यौ उठेँ
बस् भन्यौ बसेँ
हिंड् भन्यौ हिडेँ
मेरो मालिक ।
आजसम्म तिमीले मलाई
जे-जे आदेश दियौ
ती सबैलाई मैले शिरोपर गरेँ
तिम्रो इच्छाले म अछुत बनेँ
तिम्रो इच्छाले म दलित बनेँ
तिम्रो इच्छाले म अपहेलित बनेँ
तिम्रो इच्छा नै मेरो इच्छा बन्यो
मेरा मालिक
आजसम्म तिमीले मलाई
जे-जे बनायौ
अनिच्छापूर्वक म त्यही-त्यही बनेँ
तिम्रो भागमा तिमीले उच्च जात पार्‍यौ
तिम्रो भागमा तिमीले उच्च वर्ण पार्‍यौ
तिम्रो भागमा तिमीले उच्च वर्ग पार्‍यौ
तिमी सधैँ उच्च/तिमी सधैँ शुद्ध
तिमी सधैँ पूज्य
मेरा मालिक
तिम्रो नजरमा म सधैँ नीच ठहरेँ ।
तिम्रा लागि घन ठोकेँ मैले
तिम्रा लागि सिनो बोकेँ मैले
तिम्रा लागि चर्पी सोहोरेँ मैले
मानिसलाई जातपात र वर्गहरूमा बाँडेर
मेरा भागमा तिमीले जे-जे तोक्यौ
मेरो मालिक
तिम्रो निर्देशनमा विवशताले हरतुच्छ काम रोजेँ मैले
ठूलाठूला महल बन्दा
महलहरूका निम्ति मेरो पसिना बगे
ठूला-ठूला मन्दिर बन्दा
मन्दिरहरूका निम्ति मेरो पसिना चढे
पौरख चढे/पुरुषार्थ चढे
मेरा मालिक
तर तिनै महल र मन्दिरका ढोकाहरू
मेरो निम्ति प्रवेश-निषेध ठहरेँ
तिम्रा हरमेला पर्वमा
सधैँ म नै चाहिने
तिम्रा हर खुसी र उत्सवमा
मेरै श्रमको खाँचो पर्ने
तिम्रो खुट्टामा जुत्ता मेरै छ
तिम्रो शिरमा टोपी मेरै छ
तिम्रो अँगेनाको ओदानदेखि
भान्साका सारा सर्जामसम्ममा
मेरै हातका सीप र इलम छ
मेरो मालिक
सुन्दर वस्त्र र गहनाले
तिमीलाई सधैँ सजाइनँ कि मैले
दिनरात चाकडी र सेवा गरेर
तिमीलाई सधैँ रिझाइनँ कि मैले
सारा जीवन जीउले सकेसम्म
तिम्रा लागि भन के के गरिनँ मैले
तर त्यसको मूल्य
भन कसरी चुक्ता गर्‍यौ तिमीले ?
घाँटी-घाँटीसम्म अपमान दियौ तिमीले
टुप्पी-टुप्पीसम्म तिरस्कार दियौ तिमीले
'अछुत र दलित' को घृणित पगरी भिराएर
ज्यूँदै नर्कमा पुर्‍यायौ तिमीले
जब बुझेँ मैले तिम्रो कालो रीतिलाई
अपमानले तल निहुरेको मेरो शिर
आज स्वाभिमानले माथि उठाएँ मैले
फाल्नुपर्ने त दुष्ट चाल रहेछ
जब बुझेँ मैले बुझ्नैपर्ने कुरा
मेरा मालिक
तिम्रो आज्ञालाई तिरस्कार गरेँ मैले
आज सिनो फाल्न अस्वीकार गरेँ मैले ।

**यथार्थ संकेत पत्र लगाइएको उन्नत बीउ मात्र प्रयोग गरौ,**
**बालीको उत्पादकत्व वृद्धि गरौं ।**

किसानका लागि उन्नत बीउ विजन कार्यक्रमबाट अनुदान सहयोग प्राप्त गरी पश्चिचमाञ्चलका दुई जिल्ला गुल्मी र अर्घाखाँची तथा मध्यपश्चिमाञ्चलाका चार जिल्ला प्यूठान, रोल्पा, सल्यान र रुकुम मा कृषक समूह तथा सहकारी मार्फत व्यापक रूपमा खाद्यान्न तथा तरकारीको गुणस्तरीय बीउ उत्पादन भईरहेकोले समस्त कृषकवर्गले उन्नत बीउको प्रयोग गरी २० देखि ३० प्रतिशतसम्म बाली उत्पादकत्व बृद्धि गरौ। आवश्यक मात्रामा उन्नत बीउको उपलब्धता बारे जानकारी लिन कार्यक्रम लागु भएका छ जिल्लाका जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला उद्योग बाणिज्य सघ मा जानकारी लिन सक्नुहुनेछ ।

**थप जानकारीको लागिः**

**किसानका लागि उन्नत बीउ विजन कार्यक्रम**
कार्यक्रम व्यवस्थापन कार्यालय तिलोत्तमा-३, जानकीनगर, रूपन्देही
सम्पर्क फोनः ०७१-४२०२४४, फ्याक्सः ०७१-४२०२४५
ईमेलःkubkisfp2012@gmail.com, वेभसाईटः www.kubk.gov.np
सम्पर्क कार्यालयः कुमारीपाटी, ललितपुर, फोन न. ०१-५५२२०६७

**हार्दिक समवेदना**

जन्म :
वि.सं. २०१२ भदौ १६ गते

निधन :
वि.सं. २०७४ वैशाख ४ गते

हाम्रो पार्टी तथा देशभक्त जनणतान्त्रिक मोर्चा कास्की जिल्ला समितिका सदस्य एवं अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ तमुवान राज्य समितिका संयोजक क. कर्ण बहादुर पुनको जेठा दाजु **गिरिप्रसाद पुन**को यही वैशाख ४ गते असामयिक निधन भएकोमा हामी स्तब्ध भएका छौं । अतः यस दुःखद घडीमा क. कर्ण बहादुर पुनलगायत उहाँको परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेकपा (क्रान्तिकारी माओवादी), कास्की**
**देशभक्त जनगणतान्त्रिक मोर्चा, कास्की**

## स्थानीय...

स्थानीय तह गरी राज्य संरचनाको तीन तह कायम गरेको छ । त्यस अनुसार राज्यको उपरिसंरचना निर्माण गर्दा क्रमशः केन्द्र, प्रदेश र स्थानीय तहको निर्वाचनहरू गर्नु गराउनु पर्दथ्यो । तर सत्ताधारी तत्वहरूले उल्टो प्रक्रिया समातेका छन् र सबभन्दा पहिले स्थानीय तहको निर्वाचन घोषणा गरी त्यसलाई सम्पन्न गराउने भनि निकै ठूलो हल्लाखल्ला मचाइरहेका छन् । अहिले आएर उक्त निर्वाचन पनि एकै चरणमा गर्न नसक्नुले त्यसका लागि पूर्वाधार र राजनीति वातावरण समेत तयार भएको थिएन भन्ने स्पष्ट भएको छ । उक्त स्थानीय तहको निर्वाचनको साथ साथै संवैधानिक प्रतिगमनको यात्रा सुरु गरेका छन् । अर्को शब्दमा भन्नुपर्दा उत्कृष्ट भनिएको संविधानको कार्यान्वयनका नाममा त्यसको गम्भीर उलंघन पनि भन्न सकिन्छ । उनीहरूका त्यस प्रकारका गतिविधिका केही ठोस नमूनाहरूलाई स्वयम् संवैधानिक व्यवस्था र प्रावधानहरूका आधारमा हेर्ने प्रयास गरौं ।

संविधानको प्रस्तावनाको पाँचौ अनुच्छेदमा वर्तमान राजनीतिक शासन व्यवस्थालाई स्पष्ट ढंगले "जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली" भनेर उल्लेख गरिएको छ । तर सत्ताधारी तत्वहरूले संविधानको प्रस्तावनामा उल्लेख भएको उक्त प्रावधानको विपरीत गएर कथित "स्थानीय तह निर्वाचन ऐन २०७३" सम्बन्धी कानुन निर्माण गरेका छन् । उक्त कानुनमा व्यवस्था गरिएका प्रावधानहरूले "प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र"को खिल्ली उडाउदै त्यसको सट्टामा सीमित तोकिएका दलहरूले मात्रै निर्वाचनमा दलीय हैसियतले प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरेको छ ।

उक्त कानुनको परिच्छेद-५ अन्तर्गत रहेको धारा-२६ को उपधारा-६ मा यसरी उल्लेख गरिएको छ, "यस दफा बमोजिम निर्वाचन चिन्ह वितरण गर्दा राजनीतिक दल सम्बन्धी प्रचलित संघयि कानुन बमोजिम राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवारलाई मात्र सम्बन्धित दलको निर्वाचन चिन्ह वितरण गरिने छ । यसरी वितरण गरिएको निर्वाचन चिन्ह समावेश गर्दा त्यस्तो दलले तत्काल अघि भएको प्रतिनिधिसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याको आधारमा समावेश गरिनेछ ।"

त्यसैमा थप अगाडि भनिएको छ , "तर यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको हकमा व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सबै दलको उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिन्ह वितरण गरिनेछ । यसरी वितरण गरिएको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा त्यस्तो दलले संविधानसभा सदस्य निर्वाचन-२०७० मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत संख्याको आधारमा समावेश गरिनेछ ।" यसप्रकारको प्रतिबन्धात्मक व्यवस्थाले हाल व्यवस्थापिका-संसदमा रहेका राजनीतिक दलहरूलाई मात्र मान्यता प्रदान गरेको छ र उनीहरूले मात्र निर्वाचन चिन्ह पाउने गरी अन्य सबै राजनीतिक दलहरूको अस्तित्वलाई अस्वीकार गरी खारेज गरेको छ ।

संविधानको भाग-३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा-१७को दफा-२ को उपदफा- ग मा प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्न पाउने उल्लेख गरिएको छ । तर माथि उल्लेख गरिएको स्थानीय तह निर्वाचन ऐन, २०७३ ले नागरिकलाई प्रदान गरिएको मौलिक हकलाई कुण्ठित मात्र गरेको छैन, त्यसलाई खारेजी नै गरेको छ ।

त्यसैगरी संविधानको भाग-१८ मा स्थानीय व्यवस्थापिका र स्थानीय तहको व्यवस्थापिकाको अधिकार र भाग-१९ मा स्थानीय आर्थिक प्रणाली अन्तर्गत धारा-२२६ देखि २३० सम्म स्थानीय तहले प्रयोग गर्ने संवैधानिक अधिकारहरू व्यवहारतः कार्यान्वयन गर्नुका लागि प्रशासनले कानुन बनाउनु पर्दछ । त्यो अवस्थामा स्थानीय तहको निर्वाचन भैहाले पनि त्यसपछि निर्माण हुने स्थानीय तहका निकाय तह तहका निकाय र अंगहरू निष्कृय र अकर्मण्यताको अवस्थामा रहनुपर्ने छ । त्यसैले सत्ताधारी तत्वहरूको यस प्रकारको हर्कत कति हास्यॉस्पद छ भन्ने कुरा स्वतः स्पष्ट छ ।

संविधानको माग-२९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था गरिएको छ । त्यसको धारा २६९ मा राजनीति दलको गठन, दर्ता र संचालन सम्बन्धी धारा २७० मा राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज सम्बन्धमा धारा २७१ मा राजनीतिक दलका रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने सम्बन्धमा र धारा २७२ मा राजनीतिक दलसम्बन्धी अन्य व्यवस्था सम्बन्धमा प्रावधानहरू राखिएको छ । तर सत्ताधारी तत्वहरूले नयाँ संविधानले तय गरेको राज्यको नयाँ संरचना अनुसार हुन गइरहेको पहिलो निर्वाचनमा संविधानका उपयुक्त प्रावधानहरूलाई वेवास्ता गर्दै तीनका विपरीत कार्य गरेका छन् । निर्वाचन आयोगले निर्वाचन घोषणा भएपछि राजनीतिक पार्टीहरूलाई आयोगमा दर्ता हुनका लागि आव्हान गरी उनीहरूलाई चुनाव चिन्ह प्रदा गर्नुपर्नेमा अघिल्लो निर्वाचनमा सहभागी भई व्यवस्थापिका संसदमा उपस्थित रहेको दलहरूलाई मात्र अद्यावधिक हुन सुचना जारी गऱ्यो । यसरी निर्वाचन आयोग स्वयम् पनि त्यस प्रकारको अलोकतान्त्रिक कानुन निर्माण गर्नमा जिम्मेवार देखिएको छ ।

सारांशमा भन्नुपर्दा कथित उत्कृष्ट संविधानका निर्माता र पक्षपातीहरूले उनीहरूले नै उल्लेख गरेका संवैधानिक व्यवस्था र प्रावधानहरूको अति सुन्दर ढंगले धज्जी उडाएका छन् । अहिले हाम्रो पार्टी लगायतका राजनीतिक दलहरूले संविधानका ती प्रावधानहरूमा व्यवस्था भए अनुसार पार्टी दर्ता र चुनाव चिन्ह प्रदान गर्नका लागि संघर्ष र आन्दोलनमा उत्रनु परेको छ । जबकि त्यो कुरा स्वयम् राज्य र खासगरेर निर्वाचन आयोगले गर्नुपर्ने अत्यावश्यक काम कर्तव्य थियो । यी सबै तथ्यगत कुराहरूलाई आधार बनाएर हेर्दा कथित उत्कृष्ट भनिएको संविधान एउटा झुटको पुलिन्दा मात्र सावित भएको छ । र त्यो सावित गर्ने काम सत्ताधारी तत्वहरू, त्यसका निर्माता र पक्षधरहरूले नै गरेको छर्लङ्ग हुन आएको छ ।

## जनगणतन्त्र...

समेटिएको छ । त्यसैगरी जनतन्त्र र जनहित सम्बन्धी कार्यक्रम अन्तर्गत ११ बुँदामा जनताका समस्या र समाधानको चर्चा गरिएको छ भने जनजीविका र जनसेवा एवम् सुविधा सम्बन्धी कार्यक्रमन्तर्गत विभिन्न २१ बुँदामा जनताका दैनिक समस्या र समाधानका उपायसम्बन्धी विषयहरू समेटिएको छ ।

महत्वपूर्ण राजनीतिक विषयको शीर्षकमा वर्तमान राज्य व्यवस्थाको बुर्जुवा तथा संसीय चरित्रको विश्लेषण गर्दै यसको विकल्पमा जनताको जनगणतन्त्रमा आधारित राज्यव्यवस्थाको आवश्यकता किन आवश्यक छ भन्ने विषयमा चर्चा गरिएको छ ।

अन्त्यमा, स्थानीय निर्वाचनको क्रान्तिकारी- उपयोग गरौं !, देजमोका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले - विजयी गराऔं !!, जनपक्षीय र भ्रष्टाचार मुक्त समाजको - निर्माण गरौं !, राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी तत्वहरूको - भण्डाफोर गरौं !!, प्रतिगामी, प्रतिकृयावादी र प्रतिकृयावादोन्मुख तत्वहरूको - भण्डाफोर गरौं !, स्थानीय तह अन्तर्गत विशेष, स्वायत्त र संरक्षित क्षेत्रहरूको - सिमांकन गर !, दक्षिणपन्थी संशोधनवाद - मुर्दावाद, साम्राज्यवाद, विस्तारवाद - मुर्दावाद !, वीर शहिदहरू - अमर रहुन् !, अलोकतान्त्रिक स्थानीय तह निर्वाचन कानून - खारेज गर !, राजनीतिक पार्टीहरूलाई चुनाव चिन्ह - प्रदान गर !, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल - जिन्दावाद ! लगायत मोर्चाका १० वटा नाराहरू यस घोषणा पत्र/प्रतिबद्धता पत्रमा समेटिएको छ । घोषणा पत्रलाई हरेक मतदातासम्म पुऱ्याउने गरी मोर्चाले तयारी गरिरहेको मोर्चाका केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेलले बताए ।

## अक्टोबर...

इतिहासका सबल तथा दुर्बल पक्षको गंभीर समीक्षागर्दै तथा विगतका अनुभवहरूवाट आवश्यक शिक्षालिँदै आफ्नो ऐतिहासिक दायित्व निर्वाहगर्ने दिशातर्फ दृढतापूर्वक अगाडि बढ्न जरुरी छ ।"

१४ वटा बँदामा महत्वपूर्ण विचारहरू संश्लेषण गर्दै कार्यपत्रको अन्तमा अध्यक्ष किरणको कार्यपत्रमा भनिएको छ, "मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्दै नयाँ ढंगको कम्युनिस्ट पार्टी निर्माण गर्नु, सर्वहारा वर्गतथा उत्पीडित जनसमुदायलाई एकताबद्ध तुल्याउनु, नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नका लागि आवश्यक तयारीमा लाग्नु र नयाँ कम्युनिस्ट अन्तराष्ट्रिय पुनः संगठित गर्नका लागि जोडदिनु- यी नै आज हामीलाई इतिहासले सुम्पेका विशिष्ट कार्यभार तथा दायित्व हुन् । यस प्रकारका ऐतिहासिक कार्यभार तथा दायित्व निर्वाह गर्नका लागि हाम्रो पार्टी दृढप्रतिबद्धता जाहेर गर्दछ । ठिक यहींनेर नै महान् अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम आयोजना तथा सम्पन्न गर्नुको औचित्य वा सार्थकता सन्निहित छ । महान् अक्टोबर क्रान्तिको रातो झण्डा अपराजेय छ । आउनुहोस्, दृढतापूर्वक अगाडि वढौ !"

"अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रमलाई हामीले खालि कुनै चाडको रूपमा अपनाउँदैनौं । त्यसको महत्व कम्युनिष्ट आन्दोलनलाई सही र सैद्धान्तिक धरातलमा स्थापित गर्ने कुरासित सम्बन्धित छ । अर्का शब्दमा त्यसलाई हामीले विश्वस्तरमा र नेपालमा पनि समाजवादी वा क्रान्तिकारी आन्दोलनलाई उच्च रूपमा अगाडि बढाउन पनि उपयोग गर्नु पर्दछ । त्यो अर्थमा नै हामीले अक्टोबर समाजवादी शतवार्षिकी कार्यक्रमलाई मनाउँदै छौं र मनाउनु पर्दछ ।" मसालका महामन्त्री सिंहले कार्यपत्रमा उल्लेख गरेका छन्, "आज हामीले यो अन्तरक्रिया कार्यक्रमलाई संयुक्त रूपले आयोजना गरेका छौं । अन्तरक्रिया कार्यक्रमको सिलसिलामा वामपन्थीहरूको बीचमा कायम भएको त्यो एकतालाई हामीले अरू उच्च स्तरमा अगाडि बढाउन प्रयत्न गर्नुपर्ने आवश्यकता छ । त्यसरी नै हामीहरू अक्टोवर क्रान्तिले देखाएको दिशामा सशक्त रूपले अगाडि बढ्न सक्दछौं र बढ्नु पनि पर्दछ ।"

नेकपाका महासचिव विप्लवले "वैज्ञानिक समाजवादमा अगाडि बढेर मात्र नेपाली क्रान्ति पूरा गर्न सकिन्छ ।" कार्यपत्रमा उल्लेख गरेका छन् ।

तीनवटै पार्टीका नेताहरूको खचाखच उपस्थितिमा भएको अन्तर्क्रिया कार्यक्रममा कार्यकर्ताको पार्टी एकतासम्बन्धी प्रश्नको जवाफ दिँदै अध्यक्ष किरणले भने, "विचार/सिद्धान्त, कार्यदिशा र कार्यक्रम मिल्ने कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकता अहिलेको प्रमुख आवश्यकता हो ।' विचार, कार्यदशा र कार्यक्रम एकै भएका पार्टीहरू अलग बस्नुको कुनै अर्थ नरहेको भन्दै उनले एमाले र माओवादी केन्द्रको एउटै लाइन भएकोले उनीहरूले पनि एकता गरे राम्रो हुने अध्यक्ष किरणले सुझाव दिए ।

विचार/सिद्धान्त, कार्यदिशा र कार्यक्रम फरक परेका कारण विगतमा कतिपय फुटहरू भएको उल्लेख गर्दै अध्यक्ष वैद्यले कम्युनिष्ट आन्दोलनमा हुने गरेका कतिपय फुटहरू नेताहरूको कार्यशैली र निहीत महत्वकांक्षाका कारण भएको समीक्षात्मक टिप्पणी गरे ।

विप्लवले नेपालको कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवाद जब्बर बनेर आएको भन्दै त्यसलाई परास्त गर्न क्रान्तिकारीहरूबीच एकता अपरिहार्य रहेकोमा जोड दिए । मोहन विक्रम सिंहले नेपालमा लामो समयदेखि दक्षिणपन्थी अवसरवाद मुख्य समस्या रहेको भन्दै अहिले प्रचण्डको माओवादी केन्द्र र एमाले कम्युनिस्ट आन्दोलनको प्रमुख समस्या रहेको बताए ।

कार्यक्रममा नेकपा संयुक्तका अध्यक्ष गणेश साह मालेका महासचिव सिपी मैनाली, जनमोर्चाका अध्यक्ष साध्यबहादुर भण्डारीलगायत नेताहरूले पनि कार्यपत्रमाथि आफ्नो धारणा राखेका थिए ।

क्रान्तिकारी माओवादीका नेता रामसिंह श्रीसले अध्यक्षता गरेको उक्त कार्यक्रमको संचलन नेकपाका नेता हेमन्तप्रकाश ओलीले गरेका थिए भने मसालका योगेन्द्र ढकालले स्वागत मन्तव्य राखेका थिए ।

## संगठन...

माछापुच्छे गाउँपालिकाको अध्यक्षमा टेक ब. गुरुङ, मादी गाउँपालिकाको अध्यक्षमा संयोजक दुर्गादत्त अधिकारी, रूपा गाउँपालिकाको अध्यक्षमा इन्द्र बहादुर गुरुङलाई अगाडि सारिएको छ ।

यता चितवनबाट प्राप्त जानकारी अनुसार जिल्लाको खैरेनी नगरपालिकामा मेयरमा चुडामणि श्रेष्ठ र उपमेयरमा राधिका बोहोरालाई अगाडि सारिएको छ भने तनहुँको आँबु गाउपालिकामा टिका बहादुर अर्याल, विजय तमु, बन्दिपुर गाउपालिकामा सुन्दरलाल श्रेष्ठ, बेनी बहादुर थापा, श्री बहादुर सुनारी मगर, भानु नगरपालिकामा लक्ष्मी मल्ल, मनु, ब्यास नगरपालिकामा कृष्णकान्त श्रेष्ठ, नेत्र रानाभाट, उप बहादुर थापा मगर(उजिर), लेख बहादुर आले, शुक्लागण्डकी नगरपालिकामा जीत महत, केशब भट्टराई, भिमाद नगरपालिकामा श्रीराम लम्साल, प्रकाश श्रेष्ठलाई जनपक्षीय उम्मेदवारको रूपमा प्रस्ताव गरेको छ ।

यसैबीच, मोर्चाको काठमाडौं टोखा नगर कमिटिको हालै सम्पन्न विस्तारित बैठकले ३७ सदस्यीय निर्वाचन परिचालन समिति बनाएको छ । केशर प्रधानको अध्यक्षता तथा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य एवम् काठमाडौं जिल्ला ईन्चार्ज प्रवेशको बिशेष आतिथ्यतामा सम्पन्न बैठकल कपिल पुनको संयोजकत्वमा निर्वाचन परिचालन समिति बनाएको हो ।


नव वर्ष २०७४ को
पावन अवसरमा प्राविधिक तथा व्यावसायिक शिक्षामा आबद्ध सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारीहरूलगायत अभिभावकज्यूहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निर्देशक
एवं
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
मध्यक्षेत्र क्षेत्रीय कार्यालय, परिवार
भरतपुर, चितवन ।



निर्वाचन आयोगको अनुरोध

१. निर्वाचन लोकतन्त्रको मुख्य आधार हो । मतदानद्वारा आफूलाई मन परेको प्रतिनिधि चुन्न पाउने अधिकार नागरिकको मौलिक अधिकार हो । यसर्थ मतदानमा सहयोगी बनौं ।
२. स्थानीय तहको निर्वाचनमा मतदान गरौं । आफ्नो मताधिकारको प्रयोग गरौं ।
३. मिति २०७४ वैशाख ३१ गते आइतबारका दिन बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म सञ्चालन हुने स्थानीय तहको निर्वाचनमा सहभागी भई मतदान गरौं ।
४. स्थानीय तहको निर्वाचनमा मतदाताले ७ जना प्रतिनिधिलाई एकैपटक चुन्नुपर्ने भएको हुँदा मतपत्रमा ७ जना छुट्टाछुट्टै उम्मेदवारलाई छुट्टाछुट्टै मतदान गर्नुपर्छ ।
५. मतदाता नामावलीमा नाम भएका व्यक्तिहरूले मात्र मतदान गर्न पाइनेछ ।

- *आ-आफ्नो मतदान केन्द्रमा मात्र मतदान गर्नुपर्ने छ ।*
- *मतदान गर्न जाँदा आयोगले दिएको वा तोकेको आफ्नो परिचयपत्र लिई जानुपर्ने छ ।*

निर्वाचन आयोग, नेपाल



नव वर्ष २०७४ को
उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी र शुभेच्छुकलगायतमा सुख, समृद्धि, शान्ति, सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

भक्त राजभण्डारी
संस्थापक-प्रिन्सिपल
एभरेस्ट इङ्लिस स्कुल
भक्तपुर - १५, मिबाछैं

कमलादेवी अमात्य राजभण्डारी
संस्थापक-प्रिन्सिपल
एभरेस्ट भक्तपुर स्कुल
भक्तपुर - १५, मिबाछैं

फोन नं. ०१-६६११२११, ६६१६८७७
Email : evrest_edu@yahoo.com , Web Site: www.everestschool.edu.np



आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।



आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।



स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८
आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४११९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

◆ प्रा.डा.जगदीशचन्द्र भण्डारी



# अक्टोबर क्रान्तिको सन्दर्भ र हाम्रो प्रसंग

अक्टोबर क्रान्तिको यस सातामा नेपालका कम्युनिष्ट र तिनका ध्येयका बारेमा सोच्नु राम्रै होला । संसारलाई बुझ्ने र बदल्ने उद्देश्य लिई वैज्ञानिक भौतिकवादको जन्महुनगएको कुरा सत्यापित भइसकेको छ । अझ वैज्ञानिक भौतिकवाद जन्मनुका पछाडि इतिहासमा एउटा नयाँ घटनाको उदयभएको थियो त्यो घटना हो मजदुर वर्गको जन्महुनु । यस वर्गले आफ्नो उत्पत्तिसँगै विश्वजगत बदल्ने स्वप्न देख्न थालेको थियो । मार्क्सले तिनै सपनालाई साकार बनाउने उद्देश्यका साथउक्त वैज्ञानिक/द्वन्द्वात्मक भौतिकवादी पद्धतिको विवरण गर्नु भएको हो । यस अनुसार मानिस प्रकृतिको उपजहो र विचार चेतना मानव-मस्तिष्कको उपज बुद्धिलाई व्यवहार जगत्सँग सम्बद्ध गरी बौद्धिक क्रियालाई आर्थयुक्त बनाउने कुरामा वैज्ञानिक भौतिकवाद संलग्न हुन्छ । भाववादी दर्शनभन्दा विपरीत रहेको भौतिकवादी दर्शनको दष्टिकोण र पद्धतिलाई आत्मसाथ गर्ने वानगर्ने रूपमा कम्युनिष्ट र गैरकम्युनिष्टजगत छुट्याउन सकिन्छ । मुक्तिकामी जनताको सङ्घर्ष, विद्रोह र बलिदानको निर्देशकदर्शनका रूपमा रहेको मार्क्सवादीदर्शन -मालेमावादीक्रान्तिकारी दर्शन-लाई सङ्घर्ष, मुक्ति र उदात्त आदर्शबाट स्खलित गरी संसदीय भासमा डुबुल्की मार्ने तत्व आफुलाई कम्युनिष्ट भनाउन जोडतोडले लागिपरेका छन् । व्यक्तिगत स्वतन्त्रतालाई नै मूलभूत आधार बनाउने गैरकम्युनिष्ट जस्तै कम्युनिष्ट नामधारी एमाले-माओवादी केन्द्र लगायतका संशोधनवादी-दक्षिणपन्थी तत्व उत्पीडित जनता र सर्वहारावर्गमा भ्रम फिंजाई आएका छन् । पुँजीवादका समर्थक तथा पुँजीवादी व्यवस्थाकै प्रवर्तक रहेका कथित कम्युनिष्ट जगत्को सम्बन्ध साम्राज्यवाद तथा विस्तारवादसँग रहेको छ । सर्वहारा वर्ग र क्रान्तिकारी तत्वविरोधी रहेका कम्युनिष्टहरू पुँजीवादी ध्येय, पुँजीवादी प्रतिबद्धता, पूँजीवादी नैतिकता र मानवीयताका पक्षमा उभिएका छन् । क्रान्ति र मुक्तिप्रतिको विभ्रम, संशय, अन्यौल रहेको हुनाले तिनका सोच र चिन्तन विनाशकारी र ध्वंशकारी छन् । जीवन बदल्ने कुरालाई असंभव ठानेर नै तिनले क्रान्तिको बाटो छाडी संसदवादमा लाग्न जरुरी ठानेका हुन् । यथार्थ रहेको संसार परिवर्तनमूखी र गतिशील छ भन्ने भौतिकवादी बोधका विपरीत पतनशील दृष्टिकोण राख्ने तिनीहरूका समग्र व्यवहार, पद्धति र क्रियाहरू मार्क्सवादविपरीत छन् । दक्षिणपन्थी नवसंशोधनवाद तथा उत्तरमार्क्सवाद एवम् नवमार्क्सवादका फुटकर विचारलाई आधार बनाई नेपालको जनमानसमा भ्रम फैलाई पुरानै सत्ता स्वार्थमा लागिपरेको त्यो तत्व जनताको दुश्मन र मुक्तिविरोधी तत्व हो ।

जीवन र समाजको गति एवम् ध्येयलाई विचार नगरी दक्षिणपन्थताको सहज मानवविरोधीपथ स्वीकार गरी हिडिरहेको कथित कम्युनिष्ट तत्व क्रान्तिकारी र अग्रगामी त हुन सक्तैन नै, आफूलाई जनपक्षीय र सुधारवादी कोटिमा समेत खरो देखाउन सक्तैन । किनभने तिनीहरूको गति, दिशा र लक्ष्य सर्वहारा वर्गविरोधी तथा मानव मुक्ति र क्रान्तिविरोधी समेत रहेको छ । वर्गसङ्घर्ष र मुक्ति पथबाट पर हुन् भनेको विचार विचलन र ह्रासको मुख्य अभिलक्षण हो । यस किसिमको विचलन र ह्रास मूलतः माओवादी केन्द्र नामधारी कम्युनिष्ट समूहमा देखा पर्छ । 'एमाले' नामक कम्युनिष्ट समूह भनेको त दक्षिणपन्थी एवम् संसदवापन्थी नै हो । उसमा वर्ग चिन्तनको अभाव, मार्क्सवादको परित्याग, वर्गसमन्वयप्रति आस्था, पुँजीवादी व्यवस्थाप्रतिको मोह, गैरकम्युनिष्ट एवम् सर्वहारा विरोधी मानसिकता र व्यवहार, प्रतिक्रियावादी ऐतिहासिक व्यक्तित्वप्रति मोह, क्रान्तिविरोधी कला सौन्दर्यप्रतिको अतिराग जस्ता प्रवृति विकसित भएका छन् । यस अतिरिक्त ती तत्वमा प्रतिक्रियावाद र त्यसले विकसित गरेका सर्ववर्ग कल्याण र अस्वस्थ एवम् दमनकारी प्रवृत्तिलाई विश्वजगत्को सौन्दर्यका रूपमा हेर्ने प्रवृत्ति रहेको छ ।

अक्टोबर क्रान्तिपछि विश्वजगत्मा देखापरेको उत्साह, त्याग र मुक्तिको भाव कहिले तीव्रतामा र कहिले मन्दतामा प्रवाह भएपनि सर्वहारा तथा उत्पीडित वर्गको मुक्ति र उन्नतिका निम्ति विश्वभरिका क्रान्तिकारीहरू अहिले पनि वलिदानपूर्ण सङ्घर्षमा होमिएका छन् र तिनको जीवन सङ्घर्षलाई मुक्तिको प्रतीक बनाई आन्दोलनभित्र र बाहिरका दुस्मनसँग लडिरहेको छन् । नेपालमा अहिले त्यसको खाँचो झन् बढेको छ, त्यसको सौन्दर्यबोध झन बढी गर्नु परेको छ । संसदवाद, समन्वयवाद तथा नवमार्क्सवादका आवरण च्यातेर क्रान्तिको निरन्तरता र व्यापकताको पुष्टि हाम्रै जीवनमा गर्नु परेको छ । महान् लाग्ने तर क्रान्तिकारी विचारबाट च्यूत, क्षीण, विकृत एवम् नग्न पात्रहरू तथा तिनका समूहगत प्रवृत्तिलाई चिनाउनु र उल्टाइ दिनुमा नै अक्टोबर क्रान्ति मनाउनुको सार्थकता रहन्छ । वर्गीय क्रान्ति र राजनीतिको सम्बन्धलाई अक्टोबर क्रान्तिले स्पष्ट गरेको छ ।


नव वर्ष २०७४ को
उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी,
शिक्षिकशिक्षिका, अभिभावक एवं
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको
शुभकामना व्यक्त गर्दछौं ।
प्यारामाउण्ट इङलिस
बोर्डिङ हाईस्कूल परिवार
तिनपा-१, रूपन्देही



नव वर्ष २०७४ को
उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी,
शिक्षिकशिक्षिका, अभिभावक एवं
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको
शुभकामना व्यक्त गर्दछौं ।
क्याम्पस प्रमुख- गोपाल आचार्य
न्यू होराइजन
कलेज परिवार
तिनपा-१, ड्राइभरटोल, रूपन्देही


## यस्तो छ-...

१९. स्थानीय तहमा हुने भ्रष्टाचार लगायतका जनविरोधी क्रियाकलापको अन्त्य गरिनेछ ।

२०. अव्यवस्थित र अवैज्ञानिक पूर्वाधार निर्माणका कारणवाट गम्भीर समस्याका रूपमा विकास हुँदै गएको वातावरण प्रदूषणको समाधान गर्न ठोस पहलकदमी शुरु गरिनेछ ।

२१. शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, कृषि, उद्योग, बन, जलस्रोत, पर्यटन, विद्युत तथा उर्जा, यातायात, संचार, पशुपालन, बस्ती विकास, खेलकुद, भाषा, साहित्य, कला, संस्कृति, पर्यावरण र पुर्वाधार विकासका भौतिक संरचना लगायतका क्षेत्रहरूमा निम्न अनुसार योजनावद्ध विकासको नीति तय गरिने र कार्यान्वयन गरिनेछ :-

क) **स्वास्थ्य, शिक्षा तथा रोजगारी** :- स्वास्थ्य, शिक्षा र रोजगारीलाई जनताको मौलिक तथा आधारभूत अधिकारको रूपमा स्थापित गरिने छ । सबैका लागि आधारभुत स्वास्थ्य उपचार निःशुल्क र सुलभ बनाइने छ । कक्षा १२ सम्मको शिक्षा निशुल्क र सुलभ बनाइने छ । स्वास्थ्य र शिक्षामा भइरहेको माफियाकरण र व्यापारीकरणको अन्त्य गरिने छ । शिक्षा उत्पादनमूलक र दक्ष जनशक्ति पैदा गर्ने खालको बनाइने छ । सबै युवाहरूका लागि स्थानीय तहमै आधारभूत रूपमा रोजगारीको व्यवस्था गरिनेछ र सो नहुँदासम्म बेरोजगार भत्ताको व्यवस्था गरिनेछ ।

ख) **कृषि, पशुपालन** :- स्थानीय तहका जनताका लागि कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाइने छ । स्थानीय विशेषताका आधारमा कृषि तथा पशुपालनमा पर्याप्त विकास गरी त्यहाँ उत्पादन नहुने कृषिजन्य तथा पशुपालनजन्य सामग्री बाहिरबाट आपूर्ति गरिने छ ।

ग) **प्राकृतिक स्रोत साधन** (**वनजंगल, जडिबुटी, खनिज, जलस्रोत**) :- स्थानीय रूपमा अवस्थित वनजंगल, जडिबुटी, खनिज र जलस्रोतमा स्थानीय आदिवासी जनजाति तथा रैथानेहरूको अग्राधिकारको व्यवस्था गरिने छ । स्थानीय सरकारले स्थानीय तहका जनताको आर्थिक तथा सामाजिक विकासका लागि प्राकृतिक स्रोत परिचालन गर्ने छ । स्थानीय तहले मात्र परिचालन गर्न नसकिने स्रोतहरूका हकमा प्रदेश र केन्द्रसँग मिलेर संयुक्त रूपमा परिचालन गरिने छ ।

घ) **विद्युत/ऊर्जा** :- स्थानीय तहका लागि आवश्यक ऊर्जाका लागि लघु विद्युत आयोजना संचालन गरिनेछ । त्यस्तो स्रोत नभएको ठाउँमा विद्युत ऊर्जा अन्य ढंगले आपूर्ति गरिने छ ।

ङ) **यातायात तथा पूर्वाधारको विकास** :- स्थानीय तह भित्र आधारभूत रूपमा यातायात तथा अन्य पूर्वाधारको विकास गरिने छ । विद्यालय, अस्पताल, कलेज आदिका लागि भौतिक संरचना निर्माण गरिने छ । खानेपानी, ढल, पार्कको निर्माण गरिने छ ।

च) **भाषा, कला संस्कृति तथा साहित्य** :- विविध जाति, भाषा, कला, संस्कृति नेपालको पहिचान हो । त्यसैले बहुभाषिक नीति अन्तर्गत स्थानीय मातृ भाषालाई कामकाजी भाषा तथा विद्यालयमा पठनपाठनको भाषा बनाइने छ । स्थानीय कला संस्कृतिको विकास गरिने छ । प्रत्येक स्थानीय तहले त्यहाँका मातृभाषा तथा साहित्यको विकासमा जोड दिनेछ ।

छ) **उद्योग, पर्यटन र पर्यावरण** :- आर्थिक विकास र रोजगारीको मूल आधार उद्योग हो । स्थानीय रूपमा उत्पादित कृषिजन्य तथा पशुपालन, जडिबुटी, फलफूलसँग सम्बन्धित लघु तथा मध्यम उद्योग र खनिजसँग सम्बन्धित लघु तथा मध्यम उद्योग स्थानीय तहले संचालन गर्ने छ । ठूला उद्योग तथा कारखाना प्रदेश र केन्द्रसँग मिलेर संचालन गरिने छ । नेपालको प्राकृतिक सौन्दर्य र जनजातिका विविध संस्कृतिलाई ध्यानमा राखेर पर्यटन व्यवसायको विकास गरिने छ । यसो गर्दा पर्यावरणीय सन्तुलनलाई ध्यानमा राखिने छ ।

ज) **खेलकूद** :- युवा तथा बालबालिकाहरूको मानसिक तथा शारीरिक विकासका लागि खेलकूदका पूर्वाधार निर्माण तथा विकास गरिने छ ।

झ) **बस्ती विकास** :- मानवीय रूपमा अति आवश्यक सबै सेवाहरू सस्तो, सुलभ रूपमा आपूर्ति एकीकृत बस्तीको विकासबाट सम्भव हुन्छ । त्यसैले एकीकृत बस्तीको विकास गरिने छ ।

ञ) **आपूर्ति** :- दैनिक उपभोग्य तथा अति आवश्यक बस्तुहरूको सस्तो र सुलभ आपूर्तिको व्यवस्था गरिनेछ ।

ट) **भ्रष्टाचार, कालोबजारी र तस्करीको अन्त्य गरिने छ।**

२२. स्थानीय विशेषता अनुसार देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रतिनिधिहरूले पार्टी संगठनको नीति अन्तर्गत रहेर विशेष कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्न सक्नेछन् ।

४) **महत्वपूर्ण राजनीतिक विषय** :

नेपालमा अहिले स्थापित भएको बिकृत बुर्जुवा गणतन्त्र हो र सामन्ती राजतन्त्रात्मक व्यवस्थाका तुलनामा यो मात्रात्मक रूपले प्रगतिशील व्यवस्था नै हो । तरपनि अहिले देशमा पूँजीवादी र संसदवादी तत्वहरूको अधिनायकत्व र हालिमुहाली कायम छ । बुर्जुवा गणतन्त्र स्थापना भए पनि नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा आधारभूत रूपमा तात्विक परिवर्तन वा फेरबदल आएको छैन । देश अहिले पनि अर्ध-सामन्ती र अर्ध/नवऔपनिवेशिक आर्थिक-सामाजिक अवस्थाबाट नै गुज्रिरहेको छ । राज्यको केन्द्रीय सत्ताको वास्तविक बागडोर दलाल, नोकरशाह र सामन्त वर्गकै कब्जामा रहेको छ । उनीहरूले आफ्नो स्वार्थ पूरा गर्न सत्ता टिकाउन अन्तरराष्ट्रिय साम्राज्यवादद्वारा संरक्षित र निर्देशित कथित नवउदारवादी नीतिलाई शिरोधार्य अवलम्वन गरी देशको सार्वभौमिकता त स्वाधीनतालाई खतरा पुऱ्याएको मात्र होइन तिलान्जली नै दिएका छन् । हाम्रो धारणा कार्लमाक्सले भनेजस्तै "लोकतान्त्रिक" बर्जुवाहरूले बढिमा केही मागहरू पूरा भयो भने क्रान्तिलाई समापन गर्न चाहन्छन् । हाम्रो चाहनाका साथसाथै अन्तिम उद्देश्य र लक्ष्य भनेको क्रान्तिलाई स्थायी बनाउनु हो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल अन्य प्रतिगामी, प्रतिकृयावादी, प्रतिकृयावादोन्मुख संसदवादी पार्टीहरू जस्तो जनताका आँखामा गुलिया नाराहरूको छारो हालेर सत्ताको भऱ्याङ चढ्ने पार्टी संगठन होइन । यस घोषणा तथा प्रतिबद्धता पत्रमा यसअघि देश र जनताका वृहत्तर हितका माझमा उल्लेख गरिएका नीति तथा कार्यक्रमहरू वर्तमान अवस्थाको आर्थिक-सामाजिक संरचनामा हुने विभिन्न आवधिक निर्वाचनहरूलाई उपयोग गरेर वा ती निर्वाचनहरूमा जित हासिल गरेर मात्र परिपूर्ति गराउन सकिंदैन र हुन पनि सक्दैन । त्यसकारण देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले वर्तमान बिकृत बुर्जुवा गणतान्त्रात्मक व्यवस्थाका स्थानमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर जनगणतन्त्रात्मक राज्यव्यवस्था स्थापना गर्नुपर्ने अपरिहार्य आवश्यकता ठान्दछ । त्यसैले हाल सम्पन्न हुन गैरहेको स्थानीय तहको निर्वाचनलाई जनगणतन्त्र नेपालको स्थापना गर्ने दिशामा संघर्षको माध्यम स्वरूप क्रान्तिकारी उपयोग गर्न गैरहेको स्पष्ट पार्न चाहन्छौं ।

अन्त्यमा सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी, अग्रगामी र परिवर्तनकामी जनसमुदायहरू समक्ष देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूका पक्षमा मतदान गरी अत्यधिक बहुमतले विजयी गराउन हार्दिक अनुरोध र आह्वान गर्दछौं ।

**नाराहरू** :

१) स्थानीय निर्वाचनको क्रान्तिकारी - उपयोग गरौं !
देजमोका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले - विजयी गराऔं !!
२) जनपक्षीय र भ्रष्टाचार मुक्त समाजको - निर्माण गरौं !
राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी तत्वहरूको - भण्डाफोर गरौं !!
३) प्रतिगामी, प्रतिकृयावादी र प्रतिकृयावादोन्मुख तत्वहरूको - भण्डाफोर गरौं !
४) स्थानीय तह अन्तर्गत विशेष, स्वायत्त र संरक्षित क्षेत्रहरूको - सिमांकन गर !
५) दक्षिणपन्थी संशोधनवाद - मुर्दावाद !
६) साम्राज्यवाद, विस्तारवाद - मुर्दावाद !
७) वीर शहिदहरू - अमर रहुन् !
८) अलोकतान्त्रिक स्थानीय तह निर्वाचन कानून - खारेज गर !
९) राजनीतिक पार्टीहरूलाई चुनाव चिन्ह - प्रदान गर !
१०) देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल - जिन्दावाद !

## रूपन्देहीको गाउँ गाउँमा देजमोको चुनावी अभियान

◆ **भीमबहादुर भुजेल**

बुटबल । स्थानीय निर्वाचनको मिति नजिकिदैं जादा देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपाल, रूपन्देहीले आफ्नो चुनावी अभियानलाई गाउं-नगर तथा वडासम्म तिब्र बनाएको छ । मोर्चाले स्थानीय चुनावलाई क्रान्तिकारी उपयोगको नीति लिएर अघि बढिरहेको जनाएको छ । यसक्रममा कञ्चन गाउं समिति अर्न्तगत वडा नं ३ को धमिना ताल शिसुसदन निमाबिमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको वडा भेला सम्पन्न भएको छ । भेलाले डण्डपाणी पौडेलको अध्यक्षतामा १७ सदस्यीय मोर्चाको वडा समिति गठन गरिएको छ । समितिमा उपाध्यक्षमा ढेंकबहादुर क्षेत्री,सचिवमा जीतबहादुर क्षेत्री,कोषाध्यक्षमा सुरेश परियार सदसयहरूमा क्रमशः हरि गुरुङ,धनबहादुर बि.क.,खिमबहादुर भण्डारी,जमुना नेपाली,दलकुमारी श्रीस,दिलमाया परियार,रामरथि रहिदास,तुल्सी आचार्य,धनमाया थापा,चन्द्रबहादुर थापा,रूपा नेपाली रहनुभएको छ । कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य लक्ष्मीकान्त पौडेल,देजमोका केन्द्रीय सदस्य भुलबहादुर सुनारी,जिल्ला अध्यक्ष के.जी.कुमार पौडेल,पार्टी,रूपन्देहीका सचिवालय सदस्य दलबहादुर थापा लगायतले प्रशिक्षणात्मक मन्तव्य राख्नुभएका थियो ।कार्यक्रम शेरबहादुर रानाको अध्यक्षता,हरि थापाको सञ्चालन तथा जीतबहादुर क्षेत्रीको स्वागतमा सम्पन्न भएको थियो ।

यसैबीच, मोर्चाले कञ्चन गाउंपालिकाको रुद्रपुमा बृहत गाउं भेला सम्पन्न गरेको छ । भेलाले गिरबहादुर थापाको अध्यक्षतामा ३५ सदस्यीय मोर्चाको गाउं समिति चयन गरेको छ । जसमा उपाध्यक्ष ठेकबहादुर क्षेत्री,सचिव खेम गुरुङ,सहसचिव टिकाराम काउचा,कोषाध्यक्ष भोजकुमारी राना र सदस्यहरूमा क्रमशःजगदिश पौडेल,जयलाल पौडेल,शेर बहादुर राना,धनबहादुर बि.क.,यमबहादुर राना,डण्डपानी पौडेल,मनबहादुर श्रीस,सुलोचन पौडेल,कौशिला पुन,जीतबहादुर पुन,दलबहादुर थापा,देबि थापा,बलिराम थापा,ओमिका पुन,मिना पुन,हरि थापा,मित्रलाल शर्मा,एकबहादुर थापा,दलकुमारी श्रीस,गिताञ्जली पटेल,शेरबहादुर पुन,सुरेश परियार,यमबहादुर थापा,चेतमान थापा,बुद्धिलाल क्षेत्री,ललिता आचार्य,कृष्ण पौडेल,ज्ञानबहादुर पुन रहनु भएको छ ।यस्तैं सोही भेलाले प्रकाश रानाको अध्यक्षतामा २५ सदस्यीय क्रान्तिकारी युवा लिगको गाउं समिति गठन गरिएको छ । जसमा उपाध्यक्ष प्रदिप ज्ञवाली,सचिव सुरेश परियार,सहसचिव सुमिना गुरुङ,कोषाध्क्ष विशाल पौडेल र सदस्यहरूमा क्रमशःदिलबहादुर गुरुङ,नबिन थापा,धनमाया थापा,विष्णु सुनार,मनोज थापा,बिक्रम ज्ञवाली,राजन सुवेदी,लक्ष्मण न्यौपाने,सुर्यप्रसाद ढकाल,सुशिला ढकाल,अनिता पौडेल,झरना परियार,प्रविण थापा,रोशन श्रेष्ठ,बिरबहादुर बुढा,आरति परियार,रामबलि कुमाल ,भिमबहादुर राना,लक्ष्मी परियार रहनु भएको छ । यस्तैं भेलाले धनकुमारी श्रीसको अध्यक्षताका १९ सदस्यीय अखिल नेपाल महिला संघ क्रान्तिकारी कञ्चन गाउं समिति गठन गरिएको छ । जसमा उपाध्यक्ष पूर्ण सुवेदी,सचिव धनुमाया थापा,सहसचिव कौशिला पुन,कोषाध्यक्ष मिना पुन र सदस्यहरूमा क्रमशःओमिका पुन,रिता राना,ललिता आचार्य,लक्ष्मी काउंचा,सकु पौडेल,सुस्मीता पटेल,कल्पना ज्ञवाली,दलबिरा पटेल,थुमा थापा,विष्णु सुनार,सुमित्रा श्रीस,निमकला बुढाथोकी,सुनिता भिहाल रहनु भएको छ । भेलामा नेकपा क्रान्तिकारी माओवादीमा केन्द्रीय सचिवालय सदस्य प्रेमनाथ सुवेदी,केन्द्रीय सदस्य लक्ष्मीकान्त पौडेल,मोर्चा,रूपन्देहीका अध्यक्ष केजी.कुमार पौडेल,पार्टी रूपन्देहीका सचिवालय सदस्य दलबहादुर थापा लगायतले बोल्नुभएको थियो । पार्टी नेत ागिरबहादुर थापाको अध्यक्षता,जितबहादुर क्षेत्रीको स्वागत तथा खेम गुरुङको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो

## लमजुङमा पार्टी सेक्रेटरी न्यौपाने, देजमो अध्यक्ष कँडेल

लमजुङ । आइतबार सम्पन्न एक भेलाले नेकपा (क्रान्तिकारी माओवादी)को लमजुङ सेक्रेटरीमा सुरेश न्यौपानेलाई चयन गरेको छ भने देशभक्त जनगणतान्त्रिक मोर्चाको लमजुङ अध्यक्षमा हेम बहादुर कँडेललाई चयन गरेको छ ।

प्राप्त समाचार नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य नारायण अधिकारी'निश्चल'को उपस्थितिमा भएको भेलाले न्यौपानेको नेतृत्वमा ११ सदस्यीय नेकपा (क्रान्तिकारी माओवादी) लमजुङ गठन गरेको छ भने कँडेलको नेतृत्वमा १५ सदस्यीय देजमोको जिल्ला समिति निर्माण गरेको छ ।

## चितवन देजमोले गऱ्यो कार्यालयको उद्घाटन

चितवन । अप्रिल २२ लेनिनको जन्म जयन्ती तथा नेकपाको स्थापना दिवसको अवसर पारेर देशभक्त जनगणतान्त्रिक मोर्चा चितवनको जिल्ला सम्पर्क कार्यालयको भरतपुरमा उद्घाटन गरिएको छ । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य चन्द्रहरि सुवेदी अटलले कार्यालयको उद्घाटन गरेका हुन् । कार्यक्रममा पार्टीको केन्द्रीय सदस्य तथा चितवन इन्चार्ज अम्बिका मुडभरी र देजमो केन्द्रीय सदस्य तथा जिल्ला संयोजक अशोक शर्मालगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी युवा लिगको वडा कमिटी गठन

ललितपुर । ललितपुर महानरपालिका वडा नं २२ मा क्रान्तिकारी युवा लिग को वडा कमिटि गठन भएको छ । लिगको शनिबार भएको भेलाले निरन तुलाधरको नेतृत्वमा १५ सदस्यीय क्रान्तिकारी युवा लिग गठन गरेको हो । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य पवनमान श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको भेलाले सदस्यहरुमा दिलीप शाक्य, सम्पूर्ण शाक्य, सवर्ण देसार, शिला तुलाधार, रजत महर्जन, नबीन महर्जन, अरुण तुलाधार, रोशन महर्जन, ओक कृष्ण शाही, सञ्जय महर्जन, विकाश शाक्य, नरेश महर्जन, कपुश बर्जचार्यलाई चयन गरेको छ । भेलामा पार्टीका जिल्ला इन्चार्ज शिवराम यादव, संयोजक श्याम केसी, लिगका जिल्ला संयोजक रोमन महर्जन लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।